# राजश्व सुधार कार्ययोजना

## (२०८३/८४-८५/८६)

जेष्ठ, २०८३

## छत्रेश्वरी गाउँपालिका

### कर्णाली प्रदेश, सल्यान

स्थानीय सरकार
Local Government
छत्रेश्वरी गाउँपालिका
Chhatreshwori Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
भोटेचौर, सल्यान
Bhotechaur, salyan
०८८५९०२०९
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

प.सं.(Letter No.):२०८२/०८३
च.न.(Ref. No.):



## प्राक्कथन

नेपालको संविधानको अनुसूचि ८ ले स्थानीय सरकारलाई राजश्वका अधिकार प्रदान गरेको छ जस अन्तर्गत सम्पति कर, घरबहाल कर, घरजग्गा रजिस्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन रहेका छन् । यसैगरी अनुसूची ९ मा रहेको संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारको क्षेत्रहरुमध्ये सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी पर्यटन शुल्क रहेका छन् ।

यस गरी स्थानीय सरकार संचालनमा प्रभावकारिता ल्याउन लागु भएको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ ले गाउँ/नगरपालिकामा उपाध्यक्ष/उपप्रमुखको अध्यक्षतामा एक स्थानीय राजश्व परामर्श समिति रहने व्यवस्था गरेको छ। राजश्व समितिले राजश्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान कार्यपालिकामा पेश गर्नु पर्ने छ। त्यसैगरी, समितिले राजश्वका दर क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्नुपर्ने व्यवस्था गरेको छ ।

सामान्यतया स्थानीय सरकारको मुख्य आय स्रोतहरुमा अन्तर सरकारी वित्त हस्तान्तरण अर्न्तगत वार्षिक रुपमा प्राप्त हुने १) समानिकरण अनुदान, २) सशर्त अनुदान, ३) विशेष अनुदान र ४) राजश्व बाँडफाँडबाट प्राप्त रकम रहेको छ । त्यसैगरी, आन्तरिक स्रोत अन्तर्गत संविधानबाट प्राप्त अधिकार क्षेत्रबाट आन्तरिक कर, सेवा शुल्क, दस्तुर तथा राजश्व पर्दछन् ।

छत्रेश्वरी गाउँपालिकाले आफ्नो आय परिचालन क्षमता सुदृढ गर्न यो राजश्व सुधार कार्ययोजना (२०८३/०८४-२०८५/०८६) तर्जुमा गरेको छ र यो प्रयासबाट पालिकाको आन्तरिक आम्दानीमा बढोत्तरीको अपेक्षा गरिएको छ ।

योजना निर्माणको क्रम देखी स्वीकृतिसम्मका विभिन्न चरणहरुमा महत्वपूर्ण सहभागिता, विज्ञ टोलिलाई आवश्यक सूचना, जानकारी, राय सुझाव प्रदान गर्नुहुने कार्यपालिका सदस्य ज्यूहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। योजना निर्माणको लागि प्रशासकीय प्रवन्ध सहितको महत्वपूर्ण योगदानको लागि प्रमुख प्रशासकीय अधिकृत ज्यू धन्यवादको पात्र हुनुहुन्छ । साथै, आ-आफ्ना शाखाहरुको जिम्मेवारीमा रही सहभागिता, सूचना, तथ्याङ्क, विवरणहरु उपलब्ध गराउनुहुने शाखा प्रमुखहरु एवम् सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु ।

यस योजना निर्माणको लागि परामर्शदाताको रुपमा गोरखकाली मनकामना अध्ययन अनुसन्धान केन्द्र, सानोठिमी, भक्तपुरलाई धन्यवाद दिन चाहन्छु । अन्त्यमा, छत्रेश्वरी गाउँपालिकाको राजश्व सुधार कार्ययोजना कार्यान्वयनमा सबैको साथ र सहयोग प्राप्त भई गाउको समुन्नति हुनेछ भन्ने अपेक्षा गरेको छु ।

ओज बहादुर बुढाथोकी
अध्यक्ष
जेठ, २०८३

स्थानीय सरकार
Local Government
छत्रेश्वरी गाउँपालिका
Chhatreshwori Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
भोटेचौर, सल्यान
Bhotechaur, salyan
०८८५९०२०९
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

प.सं.(Letter No.):२०८२/०८३
च.न.(Ref. No.):



## मन्तव्य

नेपालको संविधानको भाग १७ मा स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था गरेको छ । धारा २२९ ले स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा नेपाल सरकारलाई प्रतिकूल नहुने गरी कानून बनाउने र आफ्नो कार्यान्वयन गर्ने छ । त्यसमा स्थानीय तहलाई आन्तरिक आय परिचालन गर्नेसम्बन्धी उल्लेख अधिकार दिएको भए तापनि स्थानीय तहहरूको पूर्णरूपमा परिचालन गर्न नसकिरहेको देखिन्छ । यसको मुख्य कारण स्थानीय तहको राजस्व संरचना आएको केही वर्ष मात्र भएकाले त्यसको लागि आवश्यक नीति तथा कार्यविधि, संस्थागत व्यवस्था, सूचना तथा तथ्याङ्कको संकलन, आन्तरिक सचेतना अभिवृद्धि, नियमित अनुगमनको स्थापना आदिको कमी तथा त्यसको कार्यान्वयन हुन नसकेको र जनतामा कर तिर्ने बानीको विकास पनि नभएको हुँदा कतिपय सम्भावनाको क्षेत्रहरू भए पनि केहि गर्नेको अवस्थामा देखिन्छ ।

यी यथार्थलाई मध्यनजर गरी छत्रेश्वरी गाउँपालिकाले आफ्नो आन्तरिक स्रोत परिचालन सम्बन्धी राजस्व सुधार योजना (२०८३/०८४-२०८५/०८६) अध्ययन तथा कार्यान्वयन तर्जुमा गरेको छ । प्रस्तुत योजनाले छत्रेश्वरी गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालाहरूलाई आय परिचालन सम्बन्धमा अभिमुखीकरण, आयको दायर विस्तार, राजस्व सुधार, प्रशासनिक व्यवस्थापन सुधार तथा स्रोतका पहिचान गर्न सहयोग गर्ने विश्वास छ । नयाँ पहिचान गर्न कार्यशाला आयोजना, कर तथा शुल्कको दर निर्धारण सहयोग, तथा आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण सहयोग गर्न विषयमा लिखित छ । यस काममा भए गरेका कार्यहरूलाई समेत गाउँपालिकाको राजस्व सुधार कार्ययोजनामा समेटीएको छ ।

यस योजना निर्माणको क्रममा र स्वीकृतिसम्मका विभिन्न चरणहरूमा सहयोग र योगदान प्रदान गर्नुहुने परामर्शदाता संस्था, पदाधिकारी र व्यक्तित्वहरूमा अथाह धन्यवाद दिँदै । अन्त्यमा, छत्रेश्वरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सबैको साथ सहयोग प्राप्त हुने विश्वासका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु ।

बुद्ध कुमारी खत्री
उपाध्यक्ष
जेठ, २०८३

स्थानीय सरकार
Local Government
छत्रेश्वरी गाउँपालिका
Chhatreshwori Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
भोटेचौर, सल्यान
Bhotechaur, salyan
०८८५९०२०९
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

प.सं.(Letter No.):२०८२/०८३
च.न.(Ref. No.):



## मन्तव्य

नेपालको संविधानको भाग १७ मा स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था गरिएको छ । संविधानको धारा २२९ ले स्थानीय सरकारलाई आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार तथा छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून निर्माण तथा कर लगाउने अधिकार प्रदान गरेको छ । यद्यपि, कानुनले स्थानीय तहलाई आन्तरिक आय परिचालन सम्बन्धी अधिकार प्रदान गरे पनि अधिकांश स्थानीय तहहरूले उक्त अधिकारको पूर्णरूपमा प्रभावकारी उपयोग गर्न सकिरहेका छैनन् । यसको प्रमुख कारण स्थानीय तहको राजस्व संरचना कार्यान्वयनमा आएको समय धेरै नभएकाले आवश्यक नीति तथा कार्यविधि निर्माण, संस्थागत व्यवस्था, सूचना तथा तथ्याङ्क संकलन, आन्तरिक सचेतना अभिवृद्धि तथा नियमित अनुगमन प्रणालीको विकासमा पर्याप्त अध्ययन र व्यवस्थापन हुन नसक्नु रहेको छ । साथै, नागरिकहरूमा कर तिर्ने संस्कार तथा सचेतनाको अपेक्षित विकास हुन नसक्दा सम्भावना भएका धेरै क्षेत्रहरू समेत राजस्वको दायराभित्र समेटिन सकेका छैनन् ।

यिनै यथार्थलाई मध्यनजर गर्दै छत्रेश्वरी गाउँपालिकाले आफ्नो आय परिचालन क्षमता अभिवृद्धि तथा राजस्व प्रणाली सुदृढीकरणका लागि राजस्व सुधार कार्ययोजना (२०८३/०८४-२०८५/०८६) तर्जुमा गरेको छ । प्रस्तुत योजनाले गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालाहरूलाई आय परिचालन सम्बन्धी अभिमुखीकरण, राजस्वको दायरा विस्तार, कर प्रणाली सुधार, प्रशासनिक व्यवस्थापन सुदृढीकरण तथा सम्भावित नयाँ आयस्रोतहरूको पहिचानमा सहयोग पुग्ने विश्वास लिइएको छ । साथै, स्रोत पहिचान सम्बन्धी कार्यशाला सञ्चालन, कर तथा शुल्क निर्धारणमा सहजीकरण तथा आन्तरिक नियन्त्रण प्रणाली सुधारका विषयहरूलाई समेत यस योजनामा समेटिएको छ ।

अन्त्यमा, यस योजना निर्माणका विभिन्न चरणहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग, सुझाव र योगदान प्रदान गर्नुहुने सम्पूर्ण पालिका परिवार, संघसंस्था तथा व्यक्तित्वहरूप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु ।

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत
जेठ, २०८३

# ३ वर्षे राजस्व सुधार कार्ययोजनाको संक्षिप्त झलक

| | | |
|---|---|---|
| **प्रदेश** | कर्णाली | |
| **जिल्ला** | सल्यान | |
| **कार्यक्रम अवधि** | तीन वर्ष (२०८३/०८४-२०८५/०८६) | |
| **कार्यान्वयन गर्ने मुख्य निकाय** | छत्रेश्वरी गाउँ कार्यपालिकाको कार्यालय, सल्यान | |
| **कार्यान्वयनमा संलग्न हुने निकायहरु** | • छत्रेश्वरी गाउँपालिका, सल्यान<br>• संघीय सरकार<br>• प्रदेश सरकार<br>• आम करदाता<br>• स्थानीय उद्योग वाणिज्य संघ<br>• निजी क्षेत्र | |
| **कार्यक्रमले समेट्ने क्षेत्रहरु** | छत्रेश्वरी गाउँपालिकाका ७ वटा वडाहरुका सबै वस्तीहरु | |
| **वर्तमान -चालु आ.व. २०८२/२०८३ को वित्तीय अवस्था** | आन्तरिक राजस्व अनुमान (बैंक मौज्दात बाहेक) रु | ६०००००० |
| | वित्तीय हस्तान्तरण तथा बाँडफाँडबाट प्राप्त हुँने अनुमानित रु | ५००८३६१९४ |
| | **जम्मा रु** | **५०६३३६१९४** |
| | राजस्व र वित्तीय हस्तान्तरणको अनुपात | **१.१८ %** |
| | **आ.व. तीन वर्षमा प्राप्त अनुमानित रु** | |
| **आ.व. २०८३/२०८४ रु.** | आन्तरिक राजस्व अनुमान रु | **७६३००००** |
| | वित्तीय हस्तान्तरण तथा बाँडफाँडबाट प्राप्त हुँने अनुमानित रु | **५४०८४६७२८** |
| | **जम्मा रु.** | **५४८४७६७२८** |
| **आ.व. २०८४/२०८५ रु.** | आन्तरिक राजस्व अनुमान रु | **९३८९०००** |
| | वित्तीय हस्तान्तरण तथा बाँडफाँडबाट प्राप्त हुँने अनुमानित रु | **५७८७०५९९९** |
| | **जम्मा रु.** | **५८८०९४९९९** |
| **आ.व. २०८५/२०८६ रु.** | आन्तरिक राजस्व अनुमान रु | **११४१७१००** |
| | वित्तीय हस्तान्तरण तथा बाँडफाँडबाट प्राप्त हुँने अनुमानित रु | **६१९२१५४१८** |
| | **जम्मा रु** | **६३०६३२५१८** |
| | **जम्मा ३ वर्ष राजस्व रु** | **२८६३६१००** |
| | कुल जम्मा ३ वर्ष वित्तीय हस्तान्तरण रु. | **१७३८७६८१४५** |
| | समग्र ३ वर्षको राजस्व र वित्तीय हस्तान्तरणको अनुपात | **१.६४%** |

# कार्यकारी सारांश

## १. पृष्ठभूमिः

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय सरकारको एकल अधिकार क्षेत्रभित्र स्थानीय राजस्वका अधिकार क्षेत्रहरुको बारेमा उल्लेख गरिदिएको छ जस अन्तर्गत कर तथा गैरकरका स्रोतको अधिकार प्रदान गरिएको छ। खास गरी सम्पति कर, घरबहाल कर, घरजग्गा रजिस्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन रहेका छन् । यसैगरी संविधानको अनुसूची ९ मा रहेको संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारका क्षेत्रहरुमध्ये सेवा शुल्क, दस्तुर, दण्ड, जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी पर्यटन शुल्क रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ६५ ले गाउँ/नगरपालिकामा उपाध्यक्ष/उपप्रमुखको अध्यक्षतामा एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था गरेको छ। राजस्व समितिले राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान कार्यपालिकामा पेश गर्नु पर्ने छ । त्यसैगरी समितिले राजस्वका दर क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्नुपर्ने व्यवस्था गरेको छ।

## २. औचित्य र उद्देश्यः

नेपालको संविधानको व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुसार नगरपालिका तथा गाउँपालिकाहरुलाई आफैँले कर तथा शुल्कको दर निर्धारण गरी सङ्कलन गर्न सक्ने व्यवस्था छ । स्थानीय स्तरमा आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छ।

तसर्थ, प्राप्त अधिकारका आधारमा छत्रेश्वरी गाउँपालिकाले समग्र विकास, सेवा प्रवाह र वित्तीय व्यवस्थालाई प्रभावकारी बनाउन यो राजस्व सुधार कार्ययोजना २०८३ तयार गर्न आवश्यक छ। यसको औचित्य १) बाह्य अनुदानमा निर्भरता क्रमशः घटाउँदै आन्तरिक राजस्वको स्रोत सुदृढ गर्दै वित्तीय आत्मनिर्भरता अभिवृद्धि गर्न २) स्थानीय कर तथा गैर-करका स्रोतहरुको पहिचान र दायरा विस्तार गरी उपयोग गर्न ३) कर प्रशासन सुधार गरी राजस्व सङ्कलन प्रकियालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउँन ४) कम कर आधार, कमजोर अभिलेख, कर सम्बन्धी न्यून जनचेतना जस्ता विद्यामान राजस्व सङ्कलनमा रहेको कमजोरी र चुनौती समाधान गर्न ५) विकास कार्यक्रमका लागि लगानी वृद्धिका लागि स्रोत सुनिश्चित गर्न ६) कर प्रशासनलाई पारदर्शी, उत्तरदायी र जवाफदेही जस्ता सुशासनका अवयवहरुको प्रवर्द्धन गर्न ७) डिजिटल राजस्व प्रणाली र अनलाइन भुक्तानी जस्ता प्रविधिमैत्री कर प्रणालीको विकास गर्न ८) करदातामा सकारात्मक कर संस्कारको गरी स्वेच्छिक कर भुक्तानी गर्नेगरी करदाताको सहभागिता र विश्वास बढाउँन र ९) दीर्घकालीन रूपमा स्थिर र भरपर्दो राजश्व प्रणाली निर्माण गरी दिगो विकास सुनिश्चित गर्न राजस्व कार्ययोजना तयार गर्नु परेको हो ।

त्यसैगरी, यसको उद्देश्य भनेको पालिका परिषद्को आन्तरिक राजस्व सुधारको प्रयासलाई प्रवर्द्धन गर्न स्थानीय राजस्वका क्षेत्र पहिचानदेखि राजस्व सङ्कलनका लागि अवलम्बन गरिनु पर्ने नीति तथा व्यावहारिक कार्यहरुको सुझाव प्रदान गर्ने हो जस अन्तर्गत १) छत्रेश्वरी गाउँपालिकाको आन्तरिक राजस्व वृद्धि गरी वित्तीय आत्म निर्भरता सुदृढ गर्नु २) विद्यामान राजस्वका स्रोतहरुको पहिचान, विस्तार तथा प्रभावकारी परिचालन गर्नु ३) कर प्रशासनलाई सरल, पारदर्शी र प्रविधिमैत्री बनाउँनु ४) करदाताको दायरा विस्तार गरी कर सङ्कलन क्षमता अभिवृद्धि गर्नु ५) करदातामा कर तिर्ने संस्कार तथा जनचेतना अभिवृद्धि गर्नु ६) राजस्व सङ्कलनमा देखिएका समस्या/चुनौतीहरुको पहिचान गरी समाधानमुखी रणनीति तय गर्नु ७) स्थानीय स्रोत र सम्भावनाहरुको उपयोगमार्फत राजस्व वृद्धि गर्नु र ८) दिगो र व्यवस्थित राजस्व प्रणाली विकास गरी सेवा प्रवाहमा सुधार ल्याउँनु हो ।

## ३. अवलम्बन गरिएको विधि तथा प्रकियाः

यो राजस्व सुधार कार्ययोजना तयारीका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन, तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारामहरुको विकास, तथ्याङ्क सङ्कलन तथा विश्लेषण, प्रारम्भिक बैठक, कार्ययोजना तयारीका लागि अभिमुखीकरण तथा सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतिकरण र प्रतिवेदनजस्ता विधिहरु प्रयोग गरिएको छ ।

## ४. मुख्य उपलब्धिः

चालु आ.व. २०८२/२०८३ को राजस्व अनुमान रु २,५५,५२००० भए तापनि रु १,९५,५२००० बैंक मौज्दात रहेकोले खुद राजस्व उठ्ने अनुमान रु. ६० लाख मात्र रहेको मा यो राजस्व सुधार कार्ययोजना कार्यान्वयन भएपछि बैंक मौज्दात बाहेकको राजस्व रु ६०,००,००० बाट बढेर निम्न अनुसार हुँने देखिन्छः

| आ.व. | | | | |
|---|---|---|---|---|
| **चालु आ.व. २०८२/२०८३ को खुद राजस्व रु.** | **आ.व. २०८३/२०८४** | **आ.व. २०८४/२०८५** | **आ.व. २०८५/२०८६** | **जम्मा ३ आ.व.** |
| ६०,००,००० | ७६,३०,००० | ९३,८९,००० | १,१४,१७,१०० | २,८४,३६,१०० |

## ५. निष्कर्ष तथा सिफारिसः

यो राजस्व सुधार कार्ययोजना तयारीका क्रममा अध्ययन तथा अवलोकनमा अनुभव गरिएका आधारमा निम्नलिखित अनुसार सिफारिसहरु गरिएको छ,

- पालिकामा करदाताहरुको डिजिटल रेकर्ड छैन तसर्थ आगमी आ.व. देखि एकीकृत रेकर्डका लागि पालिकाबाट ठोस कदम चाल्नु पर्ने ।
- राजस्व सङ्कलन काउन्टर भुई तलामा सेवाग्राहीको सहज पहुँचमा व्यवस्था गर्दा सहज हुँने ।
- पुराना घरहरुको पनि अभिलेखन हुन जरुरी छ र घरको प्रकार अनुसार सम्पत्ति कर निर्धारण गरी सम्पत्ति करबाट राजस्व वृद्धि गर्न सकिने देखिन्छ ।
- नक्सापासलाई अनिवार्य गर्नुपर्ने । यसबाट पनि थप राजस्व प्राप्त गर्न सकिन्छ ।
- हाम्रो वरिपरिको अवलोकनमा भएका सबै व्यवसायहरु दर्ता प्रकियामा नआएको अनुभव भएको छ । दुरदराजका स-साना बजारहरु जस्तैः दमाचौर र अन्यमा सालाना दर्ता तथा नवीकरण शिविर सञ्चालन गर्दा घरदैलो सेवाबाट दर्ता तथा नवीकरण वृद्धि भई राजस्वमा वृद्धि हुँने देखिन्छ ।
- पालिकाले व्यवसाय सिर्जना गर्न लगानी गरी सृजित व्यवसायहरुबाट राजस्व उठाँउने रणनीति बनाउँदा पालिकाको राजस्व पनि वृद्धि हुँने र थप रोजगार पनि सिर्जना हुँने हुँन्छ र यो दिगो स्रोत बन्छ ।
- तर परम्परागत मेड्पा मोडलबाट मात्र सम्भव देखिन्न । कृषि उद्यमशीलतामा लाग्नु जरुरी छ । किन भने छत्रेश्वरीवासीको माटोमा धेरै विश्वास भएको पाइयो ।
- पालिकाभित्र पर्यटकीय विस्तारबाट अझै थप राजस्व उठ्न सक्ने देखिन्छ ।

# विषय सूची


३ वर्षे राजस्व सुधार कार्ययोजनाको संक्षिप्त झलक ........ 2
कार्यकारी सारांश ........ ii
परिच्छेद् १: परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ राजस्व सुधार योजनाको औचित्य ........ २
१.३ राजस्व सुधार योजनाको उद्देश्य ........ ३
१.४ राजस्व सुधार योजना तयारीको विधि तथा प्रकिया ........ ४
परिच्छेद २: छत्रेश्वरी गाउँपालिकाको संक्षिप्त परिचय ........ ७
२.१ सामान्य परिचय ........ ७
२.२ आधारभूत विवरण ........ ८
२.३ घर तथा जनसङ्ख्या विवरण ........ ८
२.४ आर्थिक गतिविधि र रहन सहन ........ १०
२.५ सिँचाइ ........ ११
२.६ पर्यटन ........ १२
२.७ सामाजिक अवस्था ........ १२
२.८ पूर्वाधार तथा सेवा सुविधा तथा पूर्वाधारको अवस्थाः ........ १५
२.९ वातावरण ........ १७
परिच्छेद ३ स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता ........ १८
३.१ गाउँपालिकाको राजस्व सङ्कलन सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था ........ १८
३.१.१ संवैधानिक व्यवस्था ........ १८
३.१.२ कानुनी व्यवस्था ........ १८
३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ २२
३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ........ २४
३.३.१ स्थानीय कर राजस्व ........ २४
३.३.२ गैर कर राजस्व ........ २८
परिच्छेद ४ गाउँपालिकाको आय सङ्कलनको संस्थागत क्षमता र वर्तमान अवस्था ........ ३४
४.१ गाउँपालिकाको राजस्व परिचालन सम्बन्धी नीति ........ ३४
४.२ राजस्व आय सङ्कलनको संस्थागत क्षमता ........ ३४
४.२.१ गाउँपालिकाको राजस्व प्रशासन ........ ३४
४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन ........ ३७
४.४ राजस्व परिचालनका सवालहरु ........ ३८
परिच्छेद ५ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ........ ३९
५.१ स्थानीय राजस्व सुधार तथा परिचालनको परिकल्पना ........ ३९
५.२ स्थानीय तहले राजस्व सुधार र परिचालनका सैद्धान्तिक मान्यताहरु ........ ३९
५.३ मुख्य सुधारका पक्षः ........ ४१
५.४. आगामी तीन वर्षे राजस्व सङ्कलन रणनीति तथा कार्यनीति ........ ४२

५.५ राजस्व सुधार कार्ययोजना ........................................................................................................४३
५.५.१. कर राजस्व सुधार कार्ययोजना ........................................................................................४३
५.१.२. गैरकर राजस्व सुधार कार्ययोजना ....................................................................................४४
५.१.३. राजस्व प्रशासन तथा सुशासन सुधार कार्ययोजना ......................................................... ४६
५.१.४. स्थानीय तहले उपयोग गर्न नसकि रहेका तर उच्च सम्भावना विद्यामान रहेका क्षेत्रहरुको पहिचान ........... ४६
परिच्छेद ६: आगामी तीन वर्षको राजस्व प्रक्षेपण .................................................................................४८
६.१ राजस्व प्रक्षेपणका आधारहरु .....................................................................................................४८
६.१.१ एकीकृत सम्पत्ति कर वृद्धिः ....................................................................................................४८
६.१.२ घरजग्गा बहाल करमा वृद्धिः ..................................................................................................४८
६.१.३ व्यवसाय कर वृद्धिको आधारः ...................................................................................................४८
६.१.४ साना सवारी साधन कर वृद्धिको आधारः ....................................................................................४८
६.१.५ जडीबुटी, कवाडी र जीवजन्तु कर वृद्धिको आधारः ......................................................................४८
६.१.६ विज्ञापन करको वृद्धिको आधारः............................................................................................. ४९
६.१.७ सामुदायिक वनभित्रको वन पैदावार बिक्रीबाट राजस्व वृद्धिको आधारः.............................................. ४९
६.१.८ फोहरमैला व्यवस्थापन शुल्क वृद्धिको आधारः ........................................................................... ४९
६.१.९ नक्सा पास दस्तुर वृद्धिको आधारः.......................................................................................... ४९
६.२ तीन वर्षको आय तथा राजस्व प्रक्षेपण....................................................................................... ४९
परिच्छेद ८ः अनुगमन तथा मूल्याङ्कन...............................................................................................५३
अनुसूचीहरु....................................................................................................................................५५

# तालिकाहरुको सूची


तालिका १ छत्रेश्वरी गाउँपालिकाको आधरभूत विवरण .......... ८
तालिका २ वडागत घरपरिवार र जनसङ्ख्या विभाजन .......... ९
तालिका ३ उमेर समूह अनुसारको जनसङ्ख्या.......... ९
तालिका ४ मुख्य आर्थिक गतिविधिहरु.......... १०
तालिका ५ आर्थिक रूपमा सक्रिय तथा निष्क्रिय जनसङ्ख्या .......... १०
तालिका ६ छानाको प्रकार अनुसारका घरहरुको सङ्ख्या .......... ११
तालिका ७ जातजाति अनुसार जनसंख्याको प्रतिशत .......... १२
तालिका ८ साक्षरता विवरण .......... १३
तालिका ९ खानेपानी उपभोगका आधारमा घर सङ्ख्या.......... १४
तालिका १० शौचालय प्रयोगका आधारमा घरपरिवार.......... १५
तालिका ११ खाना पकाउन इन्धन उपभोगका आधारमा घरपरिवार सङ्ख्या.......... १५
तालिका १२ बत्ती बाल्न प्रयोग भएको ऊर्जाका आधारमा घरपरिवार.......... १६
तालिका १३ तहगत राजस्व अधिकार .......... १८
तालिका १४ शीर्षकगत राजस्व अधिकार तथा दायरा .......... १९
तालिका १५ आन्तरिक स्रोतको अवस्था.......... २३
तालिका १६ राजस्व परिचालनको संस्थागत विश्लेषण .......... ३५
तालिका १७ राजस्व परिचालनको वर्तमान अवस्था.......... ३७
तालिका १८ राजस्व सुधार सम्बन्धी रणनीति तथा कार्यनीति .......... ४२
तालिका १९ कर राजस्व सुधार कार्ययोजना.......... ४३
तालिका २० गैरकर राजस्व सुधार कार्ययोजना .......... ४४
तालिका २१ राजस्व प्रशासन तथा सुशासन सुधार कार्ययोजना .......... ४६
तालिका २२ राजस्वको उच्च सम्भावना भएका क्षेत्रहरु .......... ४६
तालिका २३ राजस्व प्रक्षेपण .......... ५०
तालिका २४ अनुगमन तालिका .......... ५४


# अनुसूचीहरुको सूची


अनुसूची १ राजस्व सुधार योजना तयारी क्रममा उपयोग भएका फारामहरु .......... ५५
अनुसूची २ विषयगत विश्लेषणको नमुना फाराम .......... ६१
अनुसूची ३ आय प्रक्षेपणको ढाँचा .......... ६४
अनुसूची ४ राजस्व सरधार कार्ययोजना तयारी कार्यशालामा उपस्थित सहभागीहरु .......... ७३
अनुसूची ५ राजश्व सुधार कार्ययोजना निर्माणको सिलसिलामा लिइएका केही तस्बिर .......... ७६

# परिच्छेद् १: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको कार्य जिम्मेवारी निर्धारण गरेको छ । राज्यशक्तिको बाँडफाँड संविधानको धारा ५७ ले स्पष्टसँग संघ, प्रदेश र स्थानीयमा गदिएको छ । सोही धारा बमोजिम संविधानको अनुसूची ८ मा स्थानीय तहलाई एकल अधिकारका क्षेत्रहरु निर्धारण गरिएको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सम्बन्धमा स्पष्ट उल्लेख गरिएको छ । सरकारका तीन तहमध्ये स्थानीय तह अन्तर्गत गाउँपालिका र नगरपालिका पर्दछन् भने यसको सङ्ख्या ७५३ वटा रहेको छ । संविधानले यी स्थानीय सरकारले पनि कार्यपालिकीय, व्यवस्थापकीय र सीमित न्यायिक अधिकारको प्रयोग आफैं कानुन बनाएर गर्नुपर्ने यवस्था गरेको छ ।

स्थानीय सरकारलाई संविधानले प्रदान गरेको कार्य जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तिका लागि निम्न अनुसारको ग्राफ बमोजिमको व्यवस्था गरेको छ



यस परिप्रेक्षमा संविधानको भाग १९ मा स्थानीय सरकारको आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था गरिएको छ । धारा २२८ ले स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानुन बनाइ कर लगाउन सक्ने व्यवस्था गरेको छ ।

संविधानको अनुसूची ८ मा स्थानीय सरकारको एकल अधिकार क्षेत्रभित्र स्थानीय राजस्वका अधिकार क्षेत्रहरुको बारेमा उल्लेख गरिदिएको छ जस अन्तर्गत कर तथा गैरकरका स्रोतको अधिकार प्रदान गरिएको छ । खास गरी सम्पति कर, घरबहाल कर, घरजग्गा रजिस्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन रहेका छन् । यसैगरी, संविधानको अनुसूची ९ मा रहेको संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारका क्षेत्रहरुमध्ये सेवा शुल्क, दस्तुर, दण्ड, जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी पर्यटन शुल्क रहेका छन् । यी साझा अधिकारमा रहेका राजस्वका क्षेत्रबाट कर असुली गर्ने कार्य जुन तहको सरकारबाट गर्दा प्रभावकारी हुन्छ सोही तहको सरकारले उठाउनु पर्दछ भन्ने सिद्धान्तबाट प्रेरित भई संघीय कानुनले उल्लेखित साझा अधिकारका क्षेत्रहरुमध्ये प्राकृतिक स्रोत जस्तै ढुङ्गा, गिटी, बालुवा उत्खनन तथा निकासी वापतको राजस्व स्थानीय सरकारबाट उठाउँदा प्रभावकारी हुने देखिएकोले संघीय कानुनले स्थानीय सरकारलाई दिएको छ । यसैगरी, स्थानीय सरकार सञ्चालनमा प्रभावकारिता ल्याउन संघीय संसदले स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी गरेको छ । उक्त ऐनको दफा ६५ ले गाउँ/नगरपालिकामा उपाध्यक्ष/उपप्रमुखको अध्यक्षतामा एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था गरेको छ । राजस्व समितिले राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान कार्यपालिकामा पेश गर्नु पर्ने छ । त्यसैगरी, समितिले राजस्वका दर क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्नुपर्ने व्यवस्था गरेको छ ।

सामान्यतया स्थानीय सरकारका मुख्य आय स्रोतहरुमा अन्तर सरकारी वित्त हस्तान्तरण अन्तर्गत वार्षिक रूपमा प्राप्त हुँने १) समानीकरण अनुदान, २) सशर्त अनुदान, ३) विशेष अनुदान र ४) राजस्व बाँडफाँडबाट प्राप्त रकम रहेका छन् । त्यसैगरी, आन्तरिक स्रोत अन्तर्गत संविधानबाट प्राप्त अधिकार क्षेत्रबाट आन्तरिक कर, सेवा शुल्क, दस्तुर तथा राजस्व पर्दछन् ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

नेपालको संविधानको व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुसार नगरपालिका तथा गाउँपालिकाहरुलाई स्थानीय स्तरमा आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छ । आय सङ्कलन गर्नसक्ने अधिकारको क्षेत्र नगरपालिका र गाउँपालिकाको समान छ भने गाउँपालिका र नगरपालिकाले आफैंले कर तथा शुल्कको दर निर्धारण गरी सङ्कलन गर्न सक्ने व्यवस्था छ । स्थानीय तहलाई प्रदान गरिएका मुख्य करहरुमा सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा वहाल कर रहेका छन् भने शुल्कमा नक्सापास, इजाजत, प्रमाणित, सिफारिस आदि रहेका छन् । त्यसैगरी, स्थानीय तहले आफ्नो सम्पत्ति परिचालनबाट र सार्वजनिक जग्गाबाट वहाल विटौरी लिन सक्ने व्यवस्था छ । यसका अतिरिक्त स्थानीय तहलाई प्राकृतिक स्रोतहरुको बिकी, निकासीबाट समेत आय सङ्कलन गर्न सक्ने व्यवस्था रहेको छ ।

तसर्थ प्राप्त अधिकारका आधारमा छत्रेश्वरी गाउँपालिकाले समग्र विकास, सेवा प्रवाह र वित्तीय व्यवस्थालाई प्रभावकारी बनाउन यो राजस्व सुधार कार्ययोजना २०८३ तयार गर्न आवश्यक छ। यसको औचित्यलाई निम्न अनुसार अझ प्रष्ट गरिएको छ।

- बाह्य अनुदानमा निर्भरता क्रमशः घटाउँदै आन्तरिक राजस्वको स्रोत सुदृढ गर्दै वित्तीय आत्मनिर्भरता अभिवृद्धि गर्न।
- स्थानीय कर तथा गैर-करका स्रोतहरको पहिचान र दायरा विस्तार गरी उपयोग गर्न।
- कर प्रशासन सुधार गरी राजस्व सङ्कलन प्रक्रियालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउँन
- कम कर आधार, कमजोर अभिलेख, कर सम्बन्धी न्यून जनचेतना जस्ता विद्यमान राजस्व सङ्कलनमा रहेको कमजोरी र चुनौती समाधान गर्न।
- विकास कार्यक्रमका लागि लगानी वृद्धिका लागि स्रोत सुनिश्चित गर्न।
- कर प्रशासनलाई पारदर्शी, उत्तरदायी र जवाफदेही जस्ता सुशासनका अवयवहरुको प्रवर्द्धन गर्न।
- डिजिटल राजस्व प्रणाली र अनलाइन भुक्तानी जस्ता प्रविधिमैत्री कर प्रणालीको विकास गर्न।
- करदातामा सकारात्मक कर संस्कारको विास गरी स्वेच्छिक कर भुक्तानी गर्नेगरी करदाताको सहभागिता र विश्वास बढाउँन।
- दीर्घकालीन रूपमा स्थिर र भरपर्दो राजश्व प्रणाली निर्माण गरी दिगो विकास सुनिश्चित गर्न।

## १.३ राजस्व सुधार योजनाको उद्देश्य

आन्तरिक राजस्व स्थानीय तहको दीर्घकालीन तथा दिगो सेवा प्रवाहको लागि उपयुक्त माध्यम हो। त्यसकारण, राजस्व सुधार कार्य योजनाको मूल उद्देश्य भनेको पालिका परिषद्को आन्तरिक राजस्व सुधारको प्रयासलाई प्रवर्द्धन गर्न स्थानीय राजस्वका क्षेत्र पहिचानदेखि राजस्व सङ्कलनका लागि अवलम्बन गरिनु पर्ने नीति तथा व्यावहारिक कार्यहरुको सुझाव प्रदान गर्ने हो।

तसर्थ, यस कार्य योजना तयारीको समग्र उद्देश्य गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको सम्भावना तथा आगामी आर्थिक वर्षको आय प्रक्षेपण सहितको राजस्व सुधार कार्ययोजना तयार गर्नु हो। यस कार्यको विशिष्टिकृत उद्देश्य देहाय अनुसार रहेका छन्:

- छत्रेश्वरी गाउँपालिकाको आन्तरिक राजस्व वृद्धि गरी वित्तीय आत्म निर्भरता सुदृढ गर्नु।
- विद्यमान राजस्वका स्रोतहरुको पहिचान, विस्तार तथा प्रभावकारी परिचालन गर्नु।
- कर प्रशासनलाई सरल, पारदर्शी र प्रविधिमैत्री बनाउँनु।
- करदाताको दायरा विस्तार गरी कर सङ्कलन क्षमता अभिवृद्धि गर्नु।
- करदातामा कर तिर्ने संस्कार तथा जनचेतना अभिवृद्धि गर्नु।
- राजस्व सङ्कलनमा देखिएका समस्या/चुनौतीहरुको पहिचान गरी समाधानमुखी रणनीति तय गर्नु।
- स्थानीय स्रोत र सम्भावनाहरुको उपयोगमार्फत राजस्व वृद्धि गर्नु।
- दिगो र व्यवस्थित राजस्व प्रणाली विकास गरी सेवा प्रवाहमा सुधार ल्याउँनु

## १.४ राजस्व सुधार योजना तयारीको विधि तथा प्रक्रिया

उल्लेखित कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन, तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारामहरुको विकास, तथ्याङ्क सङ्कलन तथा विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतिकरण जस्ता विधिहरु प्रयोग गरिएको छ । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरुलाई देहायका चरण अनुसार प्रस्तुत गरिएको छ ।

१. राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी निर्णय र समय सारिणी निर्धारण
२. योजना तर्जुमाको कार्यदल गठन
३. योजना तर्जुमाका लागि आवश्यक सन्दर्भ सामग्रीहरुको सङ्कलन तथा अध्ययन
४. प्रारम्भिक कार्यशालाको आयोजना
५. सूचना तथा तथ्याङ्क सङ्कलन एवम विश्लेषण
६. राजस्व सुधार कार्ययोजना तयारी (प्रारम्भिक)
७. योजनाको मस्यौदा तयारी र प्रस्तुत
८. राजस्व सम्भावना विश्लेषण र राजस्व प्रक्षेपण
९. मस्यौदाको पुनरावलोकन र सुझाव सङ्कलन
१०. अन्तिम मस्यौदा तयारी र प्रस्तुत
११. कार्यपालिकाबाट स्वीकृति

**चरण १ प्रथम सम्पर्क र गृहकार्य**

**१.१ प्रारम्भिक बैठकः** सेवा प्रदायक संस्था सँग कार्य सम्झौता भए पछि राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि परामर्शदाताको टोलीले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा राजस्व शाखा प्रमुखसँग प्रारम्भिक भेटघाट र छलफल गरी आगामी कार्य दिशा तयार गरेको थियो । साथै यस कार्यबाट हासिल गर्न खोजिएको उपलब्धिहरुका बारेमा जानकारी तथा छलफल गरियो ।

**१.२ सन्दर्भ सामाग्री अध्ययन तथा पुनरावलोकनः** प्रारम्भिक बैठकपछि परामर्शदाता समूहबाट पालिका र विभिन्न स्रोतहरुबाट सन्दर्भ सामाग्रीहरु सङ्कलन गरी अध्ययन तथा पुनरावलोकन गरियो ।

**१.३ तथ्याङ्क/सूचना सङ्कलन फारामहरुको विकास** सन्दर्भ सामाग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाताहरुबाट तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारामहरुको विकास गरियो ।

**<u>चरण २: राजस्व सुधार कार्ययोजना तयारीका लागि अभिमुखीकरण</u>**

**२.१ अभिमुखीकरण कार्यक्रमः** छत्रेश्वरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सिलसिलामा गाउँपालिकामा एक दिने अभिमुखीकरण कार्यक्रम मिति २०८३ वैशाख २९ गतेका दिन सञ्चालन गरियो । सो अभिमुखीकरणमा गाउँपालिकाका पदाधिकारीहरु, राजस्व परामर्श समिति, कर्मचारीहरु तथा अन्य सरोकारपक्षहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा परामर्शदाताले स्थानीय तहको राजस्व अधिकारका सैद्धान्तिक तथा कानुनी र प्रशासनिक पक्षहरुको प्रस्तुति र त्यसमाथि छलफल गराएका थिए । गाउँपालिकाको आन्तरिक आयका मुख्य स्रोतहरु, तिनको सम्भाव्यता तथा हालको परिचालनको अवस्थावारे छलफल भई सुधार गर्नुपर्ने पक्षहरुमा समेत बुँदागत रूपमा छलफल गरिएको थियो । कार्यक्रमको अन्तिम विषयवस्तुको रूपमा राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन तयारीका लागि आवश्यक पर्ने सूचनाहरुको आवश्यकतावारे छलफल गरी राजस्व सुधार कार्ययोजनाको लागि तथ्याङ्क प्राप्त गर्ने विधि, राजस्वका दर र दायरा अनुमान गर्दा ध्यान पुऱ्याउनुपर्ने विषयहरु तथा अन्य प्राविधिक पक्षहरुलाई समेटी प्रस्तुतिकरण तथा छलफल गरिएको थियो ।

**२.२ राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यदल गठनः**

संयोजकः श्री बुद्ध कुमारी खत्री, पालिका उपाध्यक्ष
सदस्यः श्री टिकाराम बुढा, वडा अध्यक्ष, वडा नं. ६
सदस्यः श्री गोविन्द राज विष्ट, बरिष्ठ लेखा अधिकृत,
सदस्यः श्री वसन्ता जि.सी., कार्यपालिका सदस्य
सदस्य सचिवः श्री मेषा अधिकारी, राजस्व शाखा प्रमुख

**<u>चरण ३ तथ्याङ्क/सूचना सङ्कलन</u>**

अध्ययनका क्रममा परामर्शदाताद्धारा गाउँपालिकाका विभिन्न शाखाहरु, सरोकारवाला पक्षहरु, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक तथ्याङ्क एवम् सूचनाहरु सङ्कलन गरिएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्याङ्क एवम् सूचनाहरु सङ्कलन गरिएको थियो:

- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- गत २ वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- आन्तरिक आय सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण र करदाताहरुको अभिलेख
- आन्तरिक आय सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरु सम्बन्धी तथ्याङ्क तथा सूचना (सम्बन्धित तथ्याङ्क, सरोकार पक्षहरु सँग छलफल, स्थलगत भ्रमण तथा अवलोकनबाट)

## चरण ४ प्रतिवेदन प्रस्तुति

### ४.१ तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारीः

प्रारम्भिक छलफल, अध्ययनबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई आवश्यकता अनुसार विभिन्न तथ्याङ्कीय औजारहरु तथा विधि तथा सूत्रहरुको प्रयोग गरी विश्लेषण गरियो । यसरी विभिन्न विधिहरुबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरुलाई व्यवस्थित रूपले तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदा प्रतिवेदन तयार गरी गाउँपालिकामा सुझावको लागि पेश गरिएको थियो ।

### ४.२ अन्तिम कार्यशाला गोष्ठीको आयोजनाः

गाउँपालिकामा प्रारम्भिक मस्यौदा प्रतिवेदन प्रस्तुत भई सो उपर सुझाव सङ्कलनको लागि मिति २०८३ जेष्ठ १ गतेका दिन एकदिने छलफल गोष्ठीको आयोजना गरी सुझावहरु सङ्कलन गरिएको थियो ।

**४.३ मस्यौदा प्रतिवेदन पेशः** राजश्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन गाउँपालिका समक्ष पेश गरी सो उपर सुझाव तथा पृष्ठपोषण सङ्कलन गरिएको थियो ।

### ४.४ अन्तिम प्रतिवेदन पेशः

मस्यौदा प्रतिवेदन उपर गाउँपालिकाबाट आएका सुझाव तथा पृष्ठपोषणलाई समावेश गरी अन्तिम प्रतिवेदन गाउँपालिकामा पेश गरिनेछ ।

# परिच्छेद २: छत्रेश्वरी गाउँपालिकाको संक्षिप्त परिचय




## २.१ सामान्य परिचय

छत्रेश्वरी गाउँपालिका सल्यान जिल्लाको एक ग्रामीण स्थानीय तह हो, जुन कर्णाली प्रदेश अन्तर्गत पर्दछ । संघीय संरचना अनुसार २०७३ सालमा स्थापना भएको यस गाउँपालिकाले स्थानीय शासन, विकास र सेवा प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यो पालिका ७ वटा वडामा विभाजन भई पालिकाको मुख्यालय भोटेचौरमा अवस्थित छ । पहाडी भूबनोट भएको यस गाउँपालिकाको कुल क्षेत्रफल १५०.६९ वर्ग किलोमिटर रहेको छ ।

यो पालिकाको भौगोलिक अवस्थिति अक्षांश करिब २८°२०′ देखि २८°३०′ उत्तर र देशान्तर करिब ८२°०५′ देखि ८२°२०′ पूर्व मा पर्ने यो गाउँपालिकाको पूर्वमा रोल्पा जिल्ला, पश्चिममा शारदा नगरपालिका, उत्तरमा बागचौर नगरपालिका र दक्षिणमा त्रिवेणी र कपुरकोट गाउँपालिका पर्दछन् । यो पालिका समुद्र सतहबाट ८३९ देखि २८०० मिटरसम्मको उचाइमा पर्दछ ।

यो गाउँपालिकाको नाम ऐतिहासिक तथा धार्मिक महत्व बोकेको छत्रेश्वरी भगवती मन्दिरबाट राखिएको पाइन्छ जसले यस क्षेत्रको सांस्कृतिक पहिचान झल्काउँछ । यहाँ विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिको मिश्रण पाइन्छ जसले सामाजिक सद्भाव र विविधतालाई मजबुत बनाएको छ ।

भौगोलिक रूपमा यो गाउँपालिका पहाडी क्षेत्रमा पर्दछ र यहाँ उकालो ओरालो भूबनोटमा हरियाली वन, खोलानाला र प्राकृतिक स्रोतहरु भरिपूर्ण भएको वातावरण पाइन्छ । यहाँका मानिसको प्रमुख आय स्रोत कृषि र पशुपालन हो ।

यो गाउँपालिकामा पूर्वाधारका हिसावले सडक, पुलपुलेसा, शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाइ जस्ता आधारभूत सेवाहरु विस्तार हुँदै गएका छन् ।

समग्रमा, भौगोलिक कठिनाई र सीमित स्रोतका कारण विकासमा केही चुनौतीहरु भए पनि स्थानीय सरकार, समुदाय र सरोकारवालाहरुको सहकार्यमा यो गाउँपालिका दिगो विकासतर्फ अगाडि बढ्दै गरेको अवस्थामा छ

## २.२ आधारभूत विवरण

**तालिका १ छत्रेश्वरी गाउँपालिकाको आधरभूत विवरण**

| क्र.सं. | विवरण | तथ्याङ्क |
|---|---|---|
| १ | प्रदेश | कर्णाली |
| २ | जिल्ला | सल्यान |
| ३ | स्थानीय तहको प्रकार | गाउँपालिका |
| ४ | स्थापना भएको वर्ष | २०७३ साल |
| ५ | कुल वडा सङ्ख्या | ७ |
| ६ | क्षेत्रफल | १५०.६९ वर्ग कि.मि. |
| ७ | भौगोलिक अवस्था | पहाड, उकालो ओरालो |
| ८ | अवस्थिति | अक्षांश करिब करिब २८°२०′ देखि २८°३०′ उत्तर र देशान्तर करिब ८२.१०° देखि ८२.२०° पूर्व |
| ९ | घरधुरी सङ्ख्या | ५१३९ (राष्ट्रिय जनगणना २०७८ अनुसार) |
| १० | जनसङ्ख्या | २१,२४२ (राष्ट्रिय जनगणना २०७८ अनुसार) |
| ११ | जातिगत संरचना | क्षेत्री ५२ प्रतिशत, मगर १५ प्रतिशत, कामी १२ प्रतिशत र बाँकी २१ प्रतिशत ठकुरी, ब्राह्मण र सार्की आदि |
| १२ | साक्षरता दर | ७७.७० प्रतिशत (राष्ट्रिय जनगणना २०७८ अनुसार) |
| १३ | प्रमुख भाषा | नेपाली |
| १४ | प्रमुख धर्म | हिन्दु |
| १५ | वर्तमान गाउँपालिका अध्यक्ष | श्री ओज बहादुर बुढाथोकी |
| १६ | वर्तमान गाउँपालिका उपाअध्यक्ष | श्री बुद्ध कुमारी खत्री |
| १७ | वर्तमान प्रमुख प्रशासकीय अधिकृत | श्री दिपक बुढाथोकी |

## २.३ घर तथा जनसङ्ख्या विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाका ५१३९ घरधुरीमा २१,२४२ जनसङ्ख्या रहेको अवस्था छ, जसमा ११,२२३ महिला र १०,०१९ पुरुष रहेका छन् र पालिकाको लैङ्गिक अनुपात ८९.२७ रहेको छ । वडागत विवरण तल तालिका २ मा प्रस्तुत गरिएको छ ।

**तालिका २ वडागत घरपरिवार र जनसङ्ख्या विभाजन**

| वडा नं. | घरपरिवार सङ्ख्या | जनसङ्ख्या | | | सरदर परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| **सबै वडा** | ५१३९ | २१२४२ | १००१९ | ११२२३ | ४.१३ | ८९.२७ |
| १ | ६२६ | २६४४ | १२८५ | १३५९ | ४.२२ | ९४.५५ |
| २ | ७३८ | ३००८ | १३८९ | १६१९ | ४.०८ | ८५.७९ |
| ३ | ६८५ | २८०७ | १२६५ | १५४२ | ४.१ | ८२.०४ |
| ४ | ७३७ | ३४१२ | १६५१ | १७६१ | ४.६३ | ९३.७५ |
| ५ | ७७३ | ३३०६ | १६०८ | १६९८ | ४.२८ | ९४.७ |
| ६ | ८९१ | ३३५३ | १५४७ | १८०६ | ३.७६ | ८५.६६ |
| ७ | ६८९ | २७१२ | १२७४ | १४३८ | ३.९४ | ८८.६ |

*स्रोत राष्ट्रिय जनगणना २०७८*

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जम्मा जनसङ्ख्या २१,२४२ मध्ये १० वर्ष देखि ६४ वर्षसम्मको जनसङ्ख्या १५८४१ रहेको छ र ५ वर्ष देखि ९ वर्षसम्मको जनसङ्ख्या २०३४ रहेको छ। विस्तृत तालिका ३ मा प्रस्तुत गरिएको छ।

**तालिका ३ उमेर समूह अनुसारको जनसङ्ख्या**

| उमेर समूह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| **सबै उमेर समूह** | **२१२४२** | **१००१९** | **११२२३** |
| **५ वर्षे उमेर समूह** | | | |
| ००-०४ | २१६६ | ११३५ | १०३१ |
| ०५-०९ | २०३४ | १०१३ | १०२१ |
| १०-१४ | २१४३ | ११०६ | १०३७ |
| १५-१९ | २४०३ | ११६३ | १२४० |
| २०-२४ | २१६५ | ९१४ | १२५१ |
| २५-२९ | १६८६ | ७३९ | ९४७ |
| ३०-३४ | १३६४ | ६०५ | ७५९ |
| ३५-३९ | १२५६ | ५३० | ७२६ |
| ४०-४४ | ११३५ | ४९० | ६४५ |
| ४५-४९ | १०९९ | ५०१ | ५९८ |
| ५०-५४ | १०६६ | ५०६ | ५६० |
| ५५-५९ | ८२३ | ३९३ | ४३० |
| ६०-६४ | ७०१ | ३२३ | ३७८ |
| ६५-६९ | ५८८ | २८७ | ३०१ |
| ७०-७४ | ३७४ | १८२ | १९२ |
| ७५-७९ | १६६ | ९२ | ७४ |
| ८०-८४ | ४७ | २५ | २२ |
| ८५-८९ | १४ | १० | ४ |
| ९०-९४ | ७ | १ | ६ |
| ९५+ | ५ | ४ | १ |

*स्रोत राष्ट्रिय जनगणना २०७८*

## २.४ आर्थिक गतिविधि र रहन सहन

### क. प्रमुख आर्थिक गतिविधि

छत्रेश्वरी गाउँपालिकाको अर्थतन्त्र कृषि र अन्य विविध ग्रामीण जीविकोपार्जनमा आधारित छ। यहाँका प्रमुख आर्थिक गतिविधिहरु तालिका ४ मा दिइएको छ।

**तालिका ४ मुख्य आर्थिक गतिविधिहरु**

| क्षेत्र | मुख्य गतिविधि |
|---|---|
| कृषि उपादन | धान, मकै, गहुँ, जस्ता खाद्यान्न उत्पादन ७००० मे.टन र तरकारी र फलफुल उत्पादन क्रमश: २६० र १२०० मे.टन रहेको अवस्था छ। |
| बागबानी | खास गरी सुन्तला र किवी |
| जडीबुटी | विशेषगरी टिमुर |
| पशुपक्षी | व्यावसायिक गाई भैँसी फार्म २१, व्यावसायिक बाख्रा फार्म ४२, व्यावसायिक हाँस, कुखुरापालन फार्म १५ र अन्य किसानहरुबाट पशुपक्षीपालनको कार्य भईरहेको। |
| सिँचाइ | जम्मा खेतीयोग्य जमिन हेक्टरको १३४४.१ मध्ये १०४८.३९ हेक्टर |
| उद्योग तथा वाणिज्य व्यापार र सेवा | लघु, घरेलु तथा साना उद्योग र वाणिज्य लगायत अटो रिक्सा सहित जम्मा ३३२ सङ्गठित उद्योग तथा वाणिज्य निकाय छन् र यो क्षेत्रले ४०२ रोजगारी सिर्जना गरेको अवस्था छ। |
| पर्यटन | सालाना आउँने पर्यटक ४००० र पर्यटन व्यवसायी १ छन्। यो क्षेत्रले ४ जनालाई रोजगारी प्रदान गर्दै आएको छ। |
| सहकारी | जम्मा सहकारी सङ्ख्या १५ सहकारी सदस्यहरु २७४५ र लगानी रु. २७४५५८३५ |
| अन्य रोजगारी क्षेत्र | ११३६७ रोजगार मध्ये कृषि तथा पशुपालनमा ८९५९ (८१.६७ प्रतिशत) रहेको र बाँकी अन्य सरकारी सेवा, शैक्षिक सेवा र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था, निजी क्षेत्रमा रहेको अवस्था |
| वैदेशिक रोजगारी | विशेष गरी खाडी मुलुक र भारत |

### ख. आर्थिक रूपमा सक्रिय जनसङ्ख्या

यस गाउँपालिकामा १० वर्ष माथिको जनसङ्ख्या १७०४२ रहेकामा केवल ६६०८ मात्र रोजगार रहेको अवस्था छ। विस्तृत तल तालिका ५ मा उल्लेख छ।

**तालिका ५ आर्थिक रूपमा सक्रिय तथा निष्क्रिय जनसङ्ख्या**

| लिङ्ग | १० वर्ष माथिको जम्मा जनसङ्ख्या | आर्थिक रूपमा सक्रिय | | | आर्थिक रूपले निष्क्रिय |
|---|---|---|---|---|---|
| | | प्राय: सक्रिय | | प्राय: निष्क्रिय | |
| | | रोजगार | बेरोगार | | |
| **जम्मा** | १७०४२ | ६६०८ | ३९५ | ४७६६ | ५२४१ |
| **पुरुष** | ७८७१ | ३४८९ | २३८ | १९३१ | २२०० |
| **महिला** | ९१७१ | ३११९ | १५७ | २८३५ | ३०४१ |

**राष्ट्रिय जनगणना २०७८**

### ग. बसोवासको अवस्था

मानिसको रहन सहनको मापन घरको वनोटले पनि झल्कन्छ । घरको स्तर मापनका विविध तरिकामध्ये छानाको प्रकारलाई लिएर हेर्दा **राष्ट्रिय जनगणना २०७८** अनुसार यस छत्रेश्वरी गाउँपालिकाभित्र रहेको ५१३९ घरधुरी मध्ये ४०१६ (७८.१५ प्रतिशत) घरधुरी कर्कटपाताले छाएको अवस्था छ भने अझै पनि ३४१ घर खर तथा परालले छाएको अवस्थामा रहेका छन् । विस्तृत विवरण तल तालिका ६ मा उल्लेख छ ।

**तालिका ६ छानाको प्रकार अनुसारका घरहरुको सङ्ख्या**

| वडाहरु | जम्मा | छानाको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | टिनको छाना भएको | ढलान छत भएको | खर तथा परालको छाना | टायल | ढुंगा तथा स्लेट | काठ तथा तखता | माटो | अन्य |
| **सबै वडाहरु** | ५१३९ | ४०१६ | २६३ | ३४१ | ६९ | ४४३ | ० | ३ | ४ |
| १ | ६२६ | ३६८ | ७ | २५ | ६१ | १६५ | ० | ० | ० |
| २ | ७३८ | ५५५ | १३ | ३२ | ० | १३८ | ० | ० | ० |
| ३ | ६८५ | ५४७ | १३ | ९३ | ० | ३१ | ० | १ | ० |
| ४ | ७३७ | ५८५ | ८ | ७२ | ० | ७२ | ० | ० | ० |
| ५ | ७७३ | ६३३ | २२ | ८६ | ७ | २५ | ० | ० | ० |
| ६ | ८९१ | ६९३ | १६७ | २१ | ० | १० | ० | ० | ० |
| ७ | ६८९ | ६३५ | ३३ | १२ | १ | २ | ० | २ | ४ |

**राष्ट्रिय जनगणना २०७८**

## २.५ सिँचाइ

छत्रेश्वरी गाउँपालिका कृषि प्रधान क्षेत्र भएको हुँदा सिँचाइको सुविधा अपरिहार्य छ । भौगोलिक बनावट पहाडी र डाँडाकाँडा भएको हुँदा सिँचाइ सुविधा सहज भने छैन तापनि परम्परागत र केही आधुनिक उपायहरु अवलम्बन भई जम्मा खेती गरिएको १०४८.३९ हेक्टर जमिनमध्ये १२ महिना सिञ्चित २९० र १०० हेक्टर आंशिक अवस्थामा रहेको छ । पालिकाको धेरै जसो खेती मनसुन वर्षामा आधारित भएको तर अनियमित वर्षाका कारण उत्पादनमा असर परेको अवस्था छ ।

समग्रमा छत्रेश्वरी गाउँपालिकाभित्र सिँचाइका समस्या तथा चुनौतीहरु छन् । जस्तैः

- पहाडी भूभागका कारण नहर विस्तार गर्न कठिन,
- वर्षैभरीका लागि पानीको स्थायी स्रोतको अभाव
- आधुनिक सिँचाइ प्रविधिमा प्रचुर लगानी गर्न बजेटको अभाव ।

यसका बाबजुद यस गाउँपालिकाभित्र निम्न प्रकारका सम्भावना तथा सिँचाइमा सुधारका उपायहरु रहेका छन,

- भैरहेका मुहान संरक्षण गरी जलस्रोत व्यवस्थापन गर्न सकिने
- साना साना लिफ्ट तथा माइको इरिगेसन प्रणाली विस्तार गर्न सकिने
- वर्षाको पानी सङ्कलन विधि अपनाउँन सकिने

- आधुनिक प्रविधि जस्तैः थोपा सिँचाइ तथा स्प्रिङ्कलको प्रयोग गर्न सकिने

समग्रमा, छत्रेश्वरी गाउँपालिकामा सिँचाइ सुविधा अझै विकासको चरणमा रहेको छ र अधिकांश खेती वर्षामा निर्भर छ । तर साना सिँचाइ आयोजना, आधुनिक प्रविधि र जलस्रोतको उचित व्यवस्थापन गरेर कृषि उत्पादनमा उल्लेख्य सुधार गर्न सकिने छ ।

## २.६ पर्यटन

ग्रामीण पर्यटन स्थानीयको आयआर्जनको बलियो स्रोत हो । छत्रेश्वरीको प्रमुख पर्यटन क्षेत्र प्राकृतिक सौन्दर्य, धार्मिक स्थल, सांस्कृतिक सम्पदा र ग्रामीण जीवनशैलीमा आधारित रहेको छ । समग्रमाभन्दा छत्रेश्वरीमा निम्न प्रकारका पर्यटन क्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको छ ।

क. **प्राकृतिक पर्यटनः** जस्तैः हाईकिङ, पदयात्रा, ग्रामीण प्राकृतिक सौन्दर्य दृश्यावलोकन तथा जैविक विविधता अवलोकन ।

ख. **धार्मिक पर्यटनः** जस्तैः छत्रेश्वरी भगवती मन्दिर जस्ता धार्मिक स्थलहरु र स्थानीय मेलापर्व, जात्रा र परम्परागत संस्कृतिहरु ।

ग. **ग्रामीण तथा सामुदायिक पर्यटनः** जस्तैः स्थानीय रहनसहनमा आधारित जीवन शैली तथा स्थानीयसँगको बसोवासका लागि होमस्टे, स्थानीय खानपान र संस्कृतिको अनुभव आदि ।

घ. **साहसिक पर्यटनः** यहाँका डाँडाहरु, जंगल र भू-भाग ट्रेकिङ, जंगल भ्रमण जस्ता पर्यटनको विकास ।

यति हुँदाहुँदै पनि लगानी तथा योजनाको अभाव, प्रचार प्रसारको कमी र सडक, होटल तथा अन्य पूर्वाधारको अभावले पर्यटन क्षेत्रलाई पछाडि पारेको अवस्था छ ।

## २.७ सामाजिक अवस्था

छत्रेश्वरी गाउँपालिका ग्रामीण तथा पहाडी भेगमा अवस्थित भएकाले यहाँको सामाजिक अवस्था परम्परागत संरचना, सांस्कृतिक विविधता सीमित पूर्वाधारको मिश्रणका रूपमा देखिन्छ र विभिन्न जात जातिको बसोवास भएको क्षेत्र हो । एक अनौपचारिक क्षेत्रबाट प्राप्त तथ्याङ्क अनुसार यहाँको जातीय संरचना निम्न तालिका ७ अनुसार रहेको छ ।

**तालिका ७ जातजाति अनुसार जनसंख्याको प्रतिशत**

| सि.नं. | जातजाति | अनुमानित प्रतिशत |
|---|---|---|
| १ | ब्राह्मण | २८ |
| २ | क्षेत्री | ३२ |
| ३ | मगर | १८ |
| ४ | कामी (दलित) | ८ |
| ५ | दमाई (दलित) | ६ |
| ६ | सार्की | ४ |
| ७ | अन्य जातजाति | ४ |

### क. शिक्षा

यस गाउँपालिकाभित्र जम्माजम्मी सरकारी तथा निजी गरेर ४३ वटा विभिन्न स्तरका विद्यालयहरु रहेका छन् र विद्यालयहरुको तह निम्न अनसुार रहेको छ:

१. बालविकास ४० वटा
२. आधारभूत २९ वटा
३. माध्यमिक ९ वटा
४. क्याम्पस १ वटा

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाभित्रको ५ वर्षभन्दा माथिको उमेर समूहको औसत साक्षरता दर ७७.७० छ जस्को विवरण तल तालिका ८ अनुसार रहेको छ।

**तालिका ८ साक्षरता विवरण**

| वडा नं. | लिङ्ग | ५ वर्ष र सो माथिको जनसङ्ख्या | जनसङ्ख्या जो | | | नभनेको | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|
| | | | लेख्न र पढ्न सक्ने | पढ्न मात्र सक्ने | लेख्न र पढ्न नसक्ने | | |
| सबै वडा | जम्मा | १९०७६ | १४८२३ | ६४ | ४१७१ | १८ | ७७.७० |
| | पुरुष | ८८८४ | ७६२० | २९ | १२२३ | १२ | ८५.७७ |
| | महिला | १०१९२ | ७२०३ | ३५ | २९४८ | ६ | ७०.६७ |
| १ | जम्मा | २४२७ | १९८६ | २ | ४३४ | ५ | ८१.८३ |
| | पुरुष | ११६६ | १०३२ | २ | १२९ | ३ | ८८.५१ |
| | महिला | १२६१ | ९५४ | ० | ३०५ | २ | ७५.६५ |
| २ | जम्मा | २७१६ | २२१४ | १ | ५०१ | ० | ८१.५२ |
| | पुरुष | १२२८ | १०७७ | १ | १५० | ० | ८७.७० |
| | महिला | १४८८ | ११३७ | ० | ३५१ | ० | ७६.४१ |
| ३ | जम्मा | २४७७ | १८६२ | १४ | ६०० | १ | ७५.१७ |
| | पुरुष | ११०४ | ९३० | ५ | १६८ | १ | ८४.२४ |
| | महिला | १३७३ | ९३२ | ९ | ४३२ | ० | ६७.८८ |
| ४ | जम्मा | ३०८४ | २३८८ | २ | ६९४ | ० | ७७.४३ |
| | पुरुष | १४८१ | १२०९ | १ | २७१ | ० | ८१.६३ |
| | महिला | १६०३ | ११७९ | १ | ४२३ | ० | ७३.५५ |
| ५ | जम्मा | २९६० | २२२६ | ४० | ६८५ | ९ | ७५.२० |
| | पुरुष | १४३१ | ११९८ | १८ | २०९ | ६ | ८३.७२ |
| | महिला | १५२९ | १०२८ | २२ | ४७६ | ३ | ६७.२३ |
| ६ | जम्मा | २९९८ | २४०७ | ५ | ५८६ | ० | ८०.२९ |
| | पुरुष | १३५७ | १२२८ | २ | १२७ | ० | ९०.४९ |
| | महिला | १६४१ | ११७९ | ३ | ४५९ | ० | ७१.८५ |
| ७ | जम्मा | २४१४ | १७४० | ० | ६७१ | ३ | ७२.०८ |
| | पुरुष | १११७ | ९४६ | ० | १६९ | २ | ८४.६९ |
| | महिला | १२९७ | ७९४ | ० | ५०२ | १ | ६१.२२ |

**राष्ट्रिय जनगणना २०७८**

## ख. स्वास्थ्य तथा पोषण

यस गाउँपालिकामा स्वास्थ्य चौकी ३ वटा, आधारभूत स्वास्थ्य सेवा केन्द्र ३ वटा, गाउँघर क्लिनिक १९ वटा, खोप केन्द्र २२ वटा, बर्थिङ्ग सेन्टर ५ वटा र प्राथमिक स्वास्थ्य सेवा केन्द्र १ वटा रहेका छन् । यी संस्थामा पर्याप्त र उपयुक्त आवश्यक भौतिक पूर्वाधार, उपकरण तथा सामग्रीको व्यवस्था भएर पनि कतिपय स्वास्थ्य सङ्स्थाहरुमा न्यूनतम पूर्वाधार र उपकरणहरु र आवश्यकताअनुसार दक्ष स्वास्थ्यकर्मीको पनि कमी रहेको अवस्था छ । गाउँपालिका क्षेत्रमा विशेषगरी श्वासप्रश्वासजन्य रोग, पानीजन्य रोग, दमको बिरामी र महिलामा पाठेघरको समस्या रहेको पाइन्छ । गाउँपालिकाको स्वास्थ्य शाखाका अनुसार पालिकाभरिमा ९६ जना बालबालिका कुपोषित रहेको अवस्था छ ।

## ग. खानेपानी तथा सरसफाइ

**खानेपानी उपभोगको आधारमा घरपरिवार:**

खानेपानीको सुविधाका हिसाबले घरपरिवारले पाएको सुविधालाई ध्यानमा राखी २०७८ को राष्ट्रिय जनगणनाको आँकडा लिँदा यस छत्रेश्वरी गाउँपालिकाका ५१३९ घरपरिवारमध्ये सबैभन्दा धेरै ४८३५ परिवारको पाइपको पानीमा पहुँच रहेको छ । विस्तृत तल तालिका ९ मा उल्लेख छ ।

**तालिका ९ खानेपानी उपभोगका आधारमा घर सङ्ख्या**

| वडाहरु | जम्मा | मूल स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | घर कम्पाउन्ड भित्रै धारा तथा पाइप | धारा तथा पाइपको घर कम्पाउन्ड बाहिर | इनार तथा कल | ढाकिएको इनार तथा कुवा | नढाकिएको इनार तथा कुवा | सङ्कलित पानी | खोला तथा खोल्साको पानी | जार तथा बोतल | अन्य |
| **सबै वडा** | ५१३९ | १६६९ | ३१६६ | ० | ९ | ६८ | १९९ | २५ | ० | ३ |
| १ | ६२६ | १७८ | ४२१ | ० | ० | ३ | २४ | ० | ० | ० |
| २ | ७३८ | ४९८ | २०८ | ० | १ | ८ | २० | ३ | ० | ० |
| ३ | ६८५ | ३३४ | २७९ | ० | २ | १८ | ४६ | ५ | ० | १ |
| ४ | ७३७ | २६८ | ४४३ | ० | ० | १५ | १० | १ | ० | ० |
| ५ | ७७३ | ७० | ६२४ | ० | ० | १ | ६५ | १२ | ० | १ |
| ६ | ८९१ | २४५ | ६०७ | ० | ६ | २१ | ९ | ३ | ० | ० |
| ७ | ६८९ | ७६ | ५८४ | ० | ० | २ | २५ | १ | ० | १ |

**राष्ट्रिय जनगणना २०७८**

**शौचालय उपयोगका आधारमा घरपरिवार**

शौचालय उपयोग स्थानीयको जीवनस्तर मापनका आधारहरूमध्ये एक हो । २०७८ को राष्ट्रिय जनगणनाका आधारमा निम्नलिखित तालिका १० को विश्लेषण गर्दा छत्रेश्वरी गाउँपालिकाका जम्मा ५१३९ घरपरिवारमध्ये केवल ११७ परिवारले ढलसहित फ्लस भएको शौचालय प्रयोग गरेको अवस्था छ भने जम्मा ४०४७ घरपरिवारले फ्लस भएको तर, सेफ्टी टंकी भएको शौचालय प्रयोग गर्छन् । जबकि ८९३ घरपरिवार खाल्टे चर्पीको भरमा छन् र जम्मा १ परिवार सार्वजनिक शौचालय प्रयोग गर्छन् । आजको युगमा पनि ८१ (१.५८ प्रतिशत) घरपरिवार शौचालयविहीन छन् । यो तथ्यलाई हेर्दा पालिकाले सरसफाइ क्षेत्रमा अझ बढी ध्यान दिनुपर्ने अवस्था छ ।

**तालिका १० शौचालय प्रयोगका आधारमा घरपरिवार**

| वडा नं. | जम्मा | शौचालय उपयोगको प्रकार | | | | शौचालय नभएका |
|---|---|---|---|---|---|---|
| | | ढल सहित फ्लस भएको | फ्लस भएको (सेफ्टी टंकी) | खाल्टे चर्पी | सार्वजनिक शौचालय | |
| **जम्मा सबै वडाको** | ५१३९ | ११७ | ४०४७ | ८९३ | १ | ८१ |
| १ | ६२६ | १४ | ६०५ | ३ | ० | ४ |
| २ | ७३८ | २० | ६५६ | ५१ | ० | ११ |
| ३ | ६८५ | १० | ३७३ | २९६ | १ | ५ |
| ४ | ७३७ | ५२ | ५४४ | १३१ | ० | १० |
| ५ | ७७३ | ६ | ५१९ | २३७ | ० | ११ |
| ६ | ८९१ | ६ | ७१२ | १५४ | ० | १९ |
| ७ | ६८९ | ९ | ६३८ | २१ | ० | २१ |

**राष्ट्रिय जनगणना २०७८**

**घ. खाना पकाउने प्रयोग हुने इन्धन**

खाना पकाउने इन्धनको उपयोगको आधारमा घरपरिवारको विश्लेषण गर्दा २०७८ को राष्ट्रिय जनगणनाको आँकडाअनुसार जम्मा ५१३९ घरपरिवारमध्ये ३६३ परिवार मात्र खाना पकाउँन ग्याँस प्रयोग गर्दछन् भने अझैपनि पहिलो नम्बरमा ४७५६परिवार अर्थात् ९२.५५ प्रतिशत खाना पकाउन दाउरा प्रयोग गर्छन् । विस्तृत विवरण तल तालिका ११ मा दिइएको छ ।

**तालिका ११ खाना पकाउन इन्धन उपभोगका आधारमा घरपरिवार सङ्ख्या**

| वडा नं. | जम्मा | इन्धनको प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दाउरा | ग्याँस | बिजुली | गुइठा | बायो ग्याँस | मट्टितेल | अन्य |
| **जम्मा सबै वडाको** | ५१३९ | ४७५६ | ३६३ | ३ | ० | १२ | ४ | १ |
| १ | ६२६ | ६११ | ७ | ० | ० | ८ | ० | ० |
| २ | ७३८ | ७३१ | ५ | ० | ० | २ | ० | ० |
| ३ | ६८५ | ६५८ | २५ | ० | ० | २ | ० | ० |
| ४ | ७३७ | ७१३ | २१ | ० | ० | ० | ३ | ० |
| ५ | ७७३ | ७५४ | १८ | १ | ० | ० | ० | ० |
| ६ | ८९१ | ६३५ | २५३ | २ | ० | ० | ० | १ |
| ७ | ६८९ | ६५४ | ३४ | ० | ० | ० | १ | ० |

## २.८ पूर्वाधार तथा सेवा सुविधा तथा पूर्वाधारको अवस्थाः

**क. शिक्षाः** यस गाउँपालिकाभित्र जम्माजम्मी सरकारी तथा निजी गरेर  ४३ वटा विभिन्न स्तरका विद्यालयहरु रहेका छन् जसमा विद्यालयहरुको तह अनुसारः

१. बालविकास ४० वटा

२. आधारभूत  २९ वटा (४० भित्र पर्ने)

३. माध्यमिक ९ वटा

४. क्याम्पस १

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाभित्रको ५ वर्षभन्दा माथिको उमेर समूहको औसत साक्षरता दर ७७.७० छ ।

**ख. स्वास्थ्यः** यस गाउँपालिकामा स्वास्थ्य चौकी ३ वटा, आधारभूत स्वास्थ्य सेवा केन्द्र ३ वटा, गाउँघर क्लिनिक १९ वटा, खोप केन्द्र २२ वटा, बर्थिङ्ग सेन्टर ५ वटा र प्राथमिक स्वास्थ्य सेवा केन्द्र १ वटा रहेका छन् ।

**ग. खानेपानीः** खानेपानीको सुविधाका हिसाबले घरपरिवारले पाएको सुविधालाई ध्यानमा राखी २०७८ को राष्ट्रिय जनगणनाको आँकडा लिँदा यस छत्रेश्वरी गाउँपालिकाका ५१३९ घरपरिवारमध्ये सबैभन्दा धेरै ४८३५ परिवारको पाइपको पानीमा पहुँच रहेको छ ।

**घ. सिँचाइः** छत्रेश्वरी गाउँपालिका कृषि प्रधान क्षेत्र भएको हुँदा सिँचाइको सुविधा अपरिहार्य छ । भौगोलिक बनावट पहाडी र डाँडाकाँडा भएको हुँदा सिँचाइ सुविधा सहज भने छैन तापनि परम्परागत र केही आधुनिक उपाहरु अवलम्बन भई जम्मा खेती गरिएको १०४८.३९ हेक्टर जमिन मध्ये १२ महिना सिञ्चित २९० र १०० हेक्टर आंशिक अवस्थामा रहेको छ । पालिकाको धेरै जसो खेती मनसुन वर्षामा आधारित भएको तर अनियमित वर्षाका कारण उत्पादनमा असर परेको अवस्था छ ।

**ङ. सडक सञ्जालः** छत्रेश्वरी गाउँपालिका आधुनिक सडक, बस पार्क र आन्तरिक सडकको सञ्जाल भएको अवस्था छ । पालिकाभरिमा जम्माजम्मी ३.२ कि.मि कालोपत्रे सडक रहेको छ भने ७० कि.मि.भन्दा बढी कच्ची बाटो रहेको अवस्था छ ।

**च. ऊर्जा :** गाउँपालिकाका ५१३९ घर परिवारमध्ये मा करिब १३० घरपरिवारमा विद्युत् सेवा पुग्न बाँकी भएकोमा ती धरपरिवारलाई विद्युत् ऊर्जामा पहुँच वृद्धि गरी उज्यालो छत्रेश्वरी बनाइएको अवस्था छ ।

**बत्ती बाल्न प्रयोग हुने ऊर्जा**

यस पालिकामा विद्युतीकरणको अवस्था राम्रो छ । २०७८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क हेर्दा ५१३९ घरपरिवारमध्ये ३९५१ परिवारले उज्यालोको लागि बिजुली बत्तीको प्रयोग गर्छन् । विस्तृत तालिका १२ मा दिइएको छ ।

**तालिका १२ बत्ती बाल्न प्रयोग भएको ऊर्जाका आधारमा घरपरिवार**

| वडा नं. | जम्मा | बत्ती बाल्न प्रयोग हुने ऊर्जाको प्रकार | | | | |
|---|---|---|---|---|---|---|
| | | बिजुली | सोलार | मट्टितेल | बायो ग्याँस | अन्य |
| जम्मा सबै वडाको | ५१३९ | ३९५१ | १०५८ | ४४ | १ | ८५ |
| १ | ६२६ | ५९० | २८ | १ | ० | ७ |
| २ | ७३८ | ७०९ | १३ | ५ | १ | १० |
| ३ | ६८५ | ५४३ | १२९ | १ | ० | १२ |
| ४ | ७३७ | २६३ | ४५४ | २ | ० | १८ |
| ५ | ७७३ | ४०६ | ३४८ | ८ | ० | ११ |
| ६ | ८९१ | ८३० | ३५ | १० | ० | १६ |
| ७ | ६८९ | ६१० | ५१ | १७ | ० | ११ |

**छ. अन्य सेवा सुविधाः**

राष्ट्रिय जनगणना २०७८ अनुसार अन्य प्रकारको सेवा सुविधाका हिसावले विश्लेषण गर्दा छत्रेश्वरी गाउँपालिकाका ५१३९ घरधुरीमध्ये ४९९७ घरधुरी कुनै न कुनै सेवा सुविधामा आबद्ध छन् र टेलिभिजनमा १५८० घरधुरी तथा मोवाइल फोनमा ७९७१ जना तथा इन्टरनेटमा १०७५ घरधुरीको पहुँच पुगेको अवस्था छ ।

## २.९ वातावरण

छत्रेश्वरी पर्यावरणीय दृष्टिले उल्लेखनीय सम्भावना बोकेको पालिका हो । यहाँको भौगोलिक बनावट, हरियालीयुक्त डाँडाकाँडा, समशीतोष्ण जलवायु, जैविक विविधतायुक्त वन तथा सामुदायिक वनहरु, मुहान, खोल्सा तथा साना नदीहरुका कारण जलस्रोत र प्राकृतिक सम्पदा वातावरणीय समृद्धिका आधार हुँन् । यहाँका नदी प्रणालीका जलस्रोतले पालिकालाई प्राकृतिक सुन्दरता दिनुका साथै खानेपानी र सिँचाइका स्रोत बनेका हुँदा पानीका मुहान संरक्षण र जैविक विविधताका रूपमा पालिका वरपरका जंगलमा वन्य जन्तु, चराचुरुङ्गी, औषधीजन्य वनस्पति रहेको अवस्था छ । तर अत्यधिक दाउराको प्रयोग, माटो कटान तथा पहिरो जोखिम, जलवायु परिवर्तनको असर र पानीका स्रोतहरु सुक्दै जानु यस पालिकाभित्रका केही वातावरणीय चुनौतीहरु पनि रहेका छन् ।

# परिच्छेद ३ स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

## ३.१ गाउँपालिकाको राजस्व सङ्कलन सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था

### ३.१.१ संवैधानिक व्यवस्था

स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था नेपालको संविधान, २०७२ को अनुसूची ८ रहेको स्थानीय तहको २२ वटा एकल अधिकारमध्ये राजस्व अधिकार एक हो । उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रूपमा विस्तृतमा विश्लेषण गरिएको छ । यसबाट आन्तरिक आय परिचालनको अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरुलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ । संविधानले राजस्व अधिकार अन्तर्गत तीन तहका सरकारलाई देहाय बमोजिमका अधिकार प्रदान गरेको छ ।

**तालिका १३  तहगत राजस्व अधिकार**

| संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | साझा अधिकार |
|---|---|---|---|
| • भन्सार<br>• अन्तःशुल्क<br>• मू.अ.कर<br>• संस्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवाशुल्क दस्तुर<br>• दण्ड जरिवाना | • घरजग्गा रजिस्ट्रेशन शुल्क<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• सवारी साधन कर<br>• पर्यटन शुल्क<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• मनोरञ्जन कर<br>• सवारी साधन कर<br>• घर जग्गा बहाल कर<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• घर जग्गा रजिस्ट्रेशन दस्तुर<br>• प्राकृतिक स्रोतको आय<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सेवा शुल्क<br>• दस्तुर<br>• दण्ड जरिवना<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी<br>• पर्यटन शुल्क |

*स्रोतः नेपालको संविधान २०७२*

### ३.१.२ कानुनी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४) को दफा ५४ देखि ६३ सम्म स्थानीय सरकारको वित्तीय व्यवस्थाका विषयमा उल्लेख गरिएको छ ।

स्थानीय तहलाई सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेशन शुल्क, सवारी साधन कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर मालपोत), दण्डजरिवाना, मनोरञ्जन करलाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र राखेको छ । साथै, संविधानको अनुसूची ९ मा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क लगाउने अधिकार तीनै तहको साझा

अधिकारको रूपमा राखिएको छ । त्यसैगरी अनुसूची ६ मा घरजग्गा रजिस्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना प्रदेश सरकारको अधिकारक्षेत्रको रूपमा राखेको छ । साथै अनुसूची ५ ले संघीय सरकारलाई भन्सार, अन्तशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर तथा राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना जस्ता गैर करहरु लगाउने अधिकार दिइएको छ । कुनै पनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था समेत संविधानमा गरिएको छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको मान्यता अनुरूप अनुसूची ६ र ८ मा दोहोरा पर्न गएका घरजग्गा रजिस्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करबाट प्राप्त आयलाई एउटा तहको सरकारले उठाई आपसमा बाँडफाँड गर्ने व्यवस्था मिलाएको छ । यस व्यवस्था अनुसार घरजग्गा रजिस्ट्रेशन शुल्क प्रदेश कानुन बमोजिम हाललाई नेपाल सरकारले तोकेको निकाय मार्फत उठाई सम्बन्धित स्थानीय तहलाई ६० प्रतिशत र प्रदेश सरकारलाई ४० प्रतिशतका दरले बाँडफाँड गर्ने, सवारी साधन कर प्रदेश सरकारले उठाई ६० प्रतिशत रकम प्रदेश सरकारले र ४० प्रतिशत स्थानीय तहले पाउने गरी बाँडफाँड गर्ने, मनोरञ्जन कर प्रदेश कानुन बमोजिम स्थानीय तहले उठाई ६० प्रतिशत स्थानीय तह र ४० प्रतिशत प्रदेश सरकारले पाउने गरी बाँडफाँड गर्ने र विज्ञापन कर स्थानीय कानुन बमोजिम स्थानीय तहले उठाई ६० प्रतिशत रकम आफूले राखी ४० प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्ने हुन्छ ।

साथै सोही ऐनले मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनतर्फको अन्तशुल्क वापत प्राप्त रकमको ७० प्रतिशत नेपाल सरकारले, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहले पाउने व्यवस्था गरेको छ भने पर्वतारोहण, विद्युत्, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत नेपाल सरकारले, २५ प्रतिशत रकम सम्बन्धित प्रदेशले र २५ प्रतिशत रकम स्थानीय तहलाई वाँडफाँड गर्नुपर्ने व्यवस्था गरेको छ ।

नेपालिको संविधान अन्तर्गत तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने राजस्व अधिकार प्रदान गरेको छ ,

**तालिका १४ शीर्षकगत राजस्व अधिकार तथा दायरा**

| सि.नं | आय शीर्षक | आयको दायरा |
|---|---|---|
| | | **(क) गाउँ तथा नगरपालिकाको एकल अधिकार अन्तर्गतः** |
| १. | कर | • सम्पत्ति कर, घर र सो ले चर्चेको लेन्ट एरिया जग्गामा (आर्थिक विधेयक २०७५बाट संशोधित व्यवस्था) ।<br>• भूमि कर (मालपोत), सम्पत्ति कर लगाउने भनी तोकिएको घरजग्गा वाहेकको अन्य जग्गामा (आर्थिक विधेयक २०७५ बाट संशोधित व्यवस्था) ।<br>• घर जग्गा बहाल कर ।<br>• व्यवसाय करः पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।<br>• सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) ।<br>• जडीबुटी, कवाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस |

| | | |
|---|---|---|
| | | (खर), कवाडी माल, जीवजन्तुको हाड, सिङ, प्वाँख, छालाको व्यावसायिक उपयोग गरे बापत । |
| २. | **शुल्क** | ● बहाल बिटौरी शुल्कः आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।<br>● पार्किङ्शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत । |
| ३. | **सेवा शुल्क** | ● आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।<br>● आफूले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोवीघाट, सडक, वसपार्क, पुल आदि) ।<br>● अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क ।<br>● सिफारिस सम्बन्धी कुनै सेवा शुल्क । |
| ४. | **दस्तुर** | ● दर्ता, अनुमति तथा नवीकरण दस्तुरः - एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, ट्युसन, कोचिङ, औषधी पसल, प्लटिङ्ग - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग ।<br>● नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर) ।<br>● पंजीकरण व्यवस्थापन दस्तुर ।<br>● वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिस तथा प्रमाणित बापत ।<br>● जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर ।<br>● ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवम् खानीजन्य वस्तुको निकासी शुल्क दस्तुर । |
| ५. | **बिक्री** | ● वस्तु तथा सेवा बिक्री ।<br>● ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवम् खानीजन्य वस्तुको बिक्री) । |
| | **(ख) प्रदेश तथा संघीय कानुन अनुसार प्राप्त हुने :** | |
| | | ● प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।<br>● खनिज पदार्थको उत्खनन रोयल्टी ।<br>● सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी ।<br>● पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी ।<br>● प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।<br>● खनिज पदार्थको उत्खनन रोयल्टी ।<br>● सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी । |

| | | |
|---|---|---|
| | | • पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी ।<br>• खानेपानी महसुल ।<br>• स्थानीय साना सतह तथा भूमिगत सिँचाइ सेवा शुल्क ।<br>• स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र बजार व्यवस्थापन ।<br>• जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति ।<br>• स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण ।<br>• इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहीन टेलिभिजन प्रसारण अनुमति, नवीकरण ।<br>• स्थानीय तहका पत्रपत्रिकाको दर्ता । |

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ ।

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था**

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(ख) घरजग्गा रजिस्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र नगरपालिका वा नगरपालिकाले उठाउने ।

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(ङ) (ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले सङ्कलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने - स्थानीय सञ्चित कोषमा मासिक रूपमा प्राप्त हुने ।
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बार्षिक रूपमा प्राप्त हुने ।
- प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने । - प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश

सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने - प्रदेशले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त ।
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- समपूरक अनुदानः पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लगतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट ।

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने ।
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने उपर्युक्त व्यवस्थाहरुले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरुलाई व्याख्या गरेको छ । स्थानीय तहले कानुन बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरु रहेका छन् ।
- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्नेः कुटनीतिक नियोग, कुटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको विकृ नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफैँ वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

छत्रेश्वरी गाउँपालिकाको आन्तरिक आयका मुख्य स्रोतहरुमा कर राजस्व तर्फ भूमिकर (मालपोत), सम्पत्ति कर, व्यवसाय कर, जडीबुटी, कवाडी र जीवजन्तु कर, विज्ञापन कर र मनोरञ्जन कर हुन् भने अन्य गैर राजस्व करतर्फ स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री, काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री, वन पैदावर (सामुदायिक वनको) बिक्री नक्सापास दस्तुर, व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क, वहाल विटौरी शुल्क, पार्किङ्ग शुल्क, अस्पताल सञ्चालन, फोहरमैला व्यवस्थापन शुल्क, खानेपानी, विजुली, धारा,

मूल्याङ्कन सेवा शुल्क, घ. वर्गको निर्माण इजाजतपत्र, स्थानीय स्तरका व्यापारिक फर्म आदिको दर्ता, नवीकरण र इजाजत प्रदान गर्ने जस्ता क्षेत्रहरु छन् । विगत वर्षहरुको राजस्व सङ्कलनको दायरामा आएका स्रोतहरुबाट निम्न अनुसार राजस्व सङ्कलन भएको छ ।

**तालिका १५ आन्तरिक स्रोतको अवस्था**

| शीर्षक | | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ |
|---|---|---|---|
| | **आन्तरिक राजस्वतर्फ** | ५३४५२८३१ | ५६७२६२६ |
| ११३१३ | सम्पती कर | ० | १६८०९९ |
| ११३१४ | भूमिकर/मालपोत | ४१२३४१ | ४०५२९४ |
| ११३१७ | बहाल कर | ६३६३९ | ६७०७५० |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | ३००० | ० |
| ११६९१ | अन्य कर | ३१३५५६ | १२९९२०२ |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ३८१००० | |
| १४२२४ | परीक्षा शुल्क | ४०००० | ४१३०० |
| १४२४२ | नक्सा पास दस्तुर | ८०६८५ | ५४६५६ |
| १४२४३ | सिफारिस दस्तुर | १०४०९७१ | ७६३९०० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३०१२६० | ३७५७०० |
| १४५२९ | अन्य राजस्व | १५५३३८० | ३८४३४ |
| १४६११ | व्यवसाय कर | २६९५६३ | २५०० |
| ३२१२२ | बैंक मौज्दात | ४८९९३४३६ | ४२६८ |
| १४१२९ | अन्य निकायबाट प्राप्त लाभांस | ० | ३००० |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | ४२०० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | | ३००० |
| १४२२१ | न्यायिक दस्तुर | ० | १४०० |
| १४२२३ | शिक्षा क्षेत्रको दस्तुर | ० | २५० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ० | २४२००० |
| १४२४५ | नाता प्रमाणित | ० | ३२७५०० |
| १४५४९ | अन्य दस्तुर | ० | ७८७०५० |
| १४२५३ | व्यवसाय कर रजिस्ट्रेशन दस्तुर | ० | ९८१०० |
| १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | ३२०० |
| १५१११ | बेरुजु | ० | ३७८८२३ |
| | **जम्मा आन्तरिक राजस्व रु.** | **५३४५२८३१** | **५६७२६२६** |

छत्रेश्वरी गाउँपालिकामा हालसम्म सम्भावना भएर पनि सामुदायिक वनको बिक्री, घर बहाल कर, सवारी साधन, घुमन्ते व्यापरीसँगको व्यापार कर, जडीबुटी, कवाडी, विज्ञापन, नक्सा पास तथा कृषि वस्तुको निकासी कर जस्ता क्षेत्रहरु अझै करको दायरामा आउँन सकेका छैनन् । त्यसैगरी राजस्व वृद्धिका प्रचुर सम्भावना भएका क्षेत्र जस्तै सम्पत्ति कर र व्यवसाय दर्ता तथा नवीकरण जस्ता कार्यको को हकमा अझै पनि धेरै करदातालाई करको दायरामा ल्याउँन बाकी छ ।

## ३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

छत्रेश्वरी गाउँपालिकाभित्र धुलेनै भएपनि बाटाहरुको सुधार भई जताततै यातायातको पहुँच सहज भएको पालिका हो । साथै, बजार र उत्पादनका हिसावले पनि सहज भएको स्थान हो । व्यापार व्यवसाय तथा उद्यम व्यवसायको प्रचुर सम्भावना भएको गाउँपालिका भएको हुँदा सम्भावना भएर पनि राजस्वको दायरामा अझै आई नसकेका क्षेत्रहरुलाई दायरा विस्तार गरी आन्तरिक राजस्व बढाउँने सम्भावना प्रशस्तै छ ।

### ३.३.१ स्थानीय कर राजस्व

संविधान तथा कानुनले प्रदान गरेको यस गाउँपालिका राजस्वका स्रोतहरुमध्ये कर राजस्वतर्फ हाल परिचालन भैरहेको, सम्भावना रहेको स्रोत र सोको परिचालनका लागि गर्नु पर्ने सुधारका कार्यहरु यस प्रकार रहेका छन् ।

### क. सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५५ मा स्थानीय तहहरुले सङ्कलन गर्न पाउँने सम्पत्ति कर सम्बन्धी व्यवस्था छ । सो दफा अनुसार पालिकाले आफ्नो पालिका क्षेत्रमा निर्मित घरहरु र घरहरुले चर्चेका जग्गा समेतको निर्माण संरचनाको पालिकाले तोकोका ह्रासकट्टी घटाएर एकीकृत सम्पत्ति कर लगाउँन सक्ने व्यवस्था गरेको छ ।

**वर्तमान अवस्था:** छत्रेश्वरी गाउँपालिकाको एकीकृत सम्पत्ति करको विगत २ आ.व.को विवरण हेर्दा आ.व. २०८०/२०८१ मा कत्ति पनि सङ्कलन नभएको अवस्था छ भने आ.व. २०८१/२०८२ मा सङ्कलन रु. १,६८,०९९ सङ्कलन भएको छ र चालु आ.व. २०८२/८३ का लागि रु. २००००० को अनुमान गरिएको छ ।

**सम्भावना:** छत्रेश्वरी गाउँपालिकामा रहेका कुल ५१३९ घरपरिवारमध्ये ९७.७८ प्रतिशत अर्थात् ५०२५ परिवार आफ्नै स्वामित्वको घरमा बसेको अवस्था छ । जसमध्ये माटोको जोडाइ भएको ईंटा/ढुङ्गा प्रयोग भएका ४६३५ घर, सिमेन्टको जोडाइ भएको ईंटा/ढुङ्गा भएका ४९९ घर र अन्य प्रकारका ५ घर छन् । तर हाल कति करदाताले सम्पत्ति कर तिरेको भन्ने एकिन रेकर्ड पालिकामा भएन । आफ्नै घर भएका ५०२५ परिवारमध्ये केवल केही घर मात्र करको दायरामा आई रु. १,६८,०९९ कर सङ्कलन भएकोमा थप करको दायरामा आउँन बाँकीलाई करको दायरामा ल्यउँन सक्ने हो भने चालु वर्षको अनुमान पुरा भई कर असुली वृद्धि हुँने सम्भावना छ ।

**सुधार गर्नु पर्ने पक्षहरु:** घर र घरले चर्चेको जग्गा सहित मिलाई लिइने एकीकृत सम्पत्ति कर गाउँपालिकाको सबै भन्दा महत्वपूर्ण, भरपर्दो र दिनानुदिन बढ्दै जाने राजस्वको क्षेत्र हो । यसका लागि गाउँपालिकाले आफ्नो प्रशासनिक तथा नीतिगत क्षेत्रमा सुधार गरी घर जग्गा मूल्याङ्कन परिपाटी र घर धनीहरुलाई करको दायरामा ल्याउँने नीति बनाउँनु जरुरी छ । वार्षिक आर्थि ऐनमा जनताको कर तिर्न सक्ने क्षमताका आधारमा करको दर निर्धारण गर्ने तथा जनताको घरदैलो सेवालाई तीव्रता दिइ कर तिर्न जनतालाई उत्प्रेरित गर्ने कार्यहरु गर्नु जरुरी छ ।

कतिपय घरजग्गाले चर्चिएको जग्गाको करको दर सडकको दुरी अनुसार फरक रहनेमा सफ्टवेरबाट फरक दरमा कर सङ्कलन गर्न नसकिएकोले करको दायरामा नआएका घर धनीहरुलाई करको दायरामा आउँन

सूचना गर्ने र सो नगरे सम्पत्ति कर नबुझाउँने परिवारलाई विकास साझेदारीमा नसमेट्ने नीति अवलम्बन गर्ने उपाय पनि गर्न सकिने हुन्छ ।

### ख. भूमिकर (मालपोत)

मालपोत पनि गाउँपालिकाको अर्को महत्वपूर्ण र दिगो आय स्रोत हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५६ ले स्थानीय सरकारलाई खेतीयोग्य जमिनको मालपोत सङ्कलन गर्ने अधिकार प्रदान गरेको छ ।

**वर्तमान अवस्थाः** छत्रेश्वरी गाउँपालिकामा आ.व. २०८०/२०८१ मा रु.४१२३४१ आ.व. २०८१/२०८२ मा रु.४,०५,२९४ तथा आ.व. २०८२/२०८३ का लागि रु.८००००० अनुमान गरिएको अवस्था छ ।

**सम्भावनाः** छत्रेश्वरी गाउँपालिका १५०.६९ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ र १३४४.१ हेक्टर जमिनको उपयोग बसोवास र खेतीका लागि योग्य भएकोमा सो जमिनमध्ये १०४८.३९ हेक्टरमात्र खेतीको लागि उपयोग भएको तर बसोवासलाई कति उपयोग भएको छ भन्ने एकिन रेकर्ड नभएता पनि घर जग्गाले चर्चेको जमिन एकिन गरी सम्पत्ति करलाई छुट्याएर बाँकीबाट भूमि कर (मालपोत) लिनु पर्ने हुन्छ । आ.व. २०८०/२०८१ मा रु. ४१२३४१ मालपोत उठेको भए पनि पछिल्लो वर्ष घटेको अवस्था छ । सामान्यतया जग्गा धनीहरु नियमित रूपमा मालपोत नतिर्ने हुँदा यस्तो अवस्था आएको हुँन सक्छ । तर पनि अविलम्ब शुल्क लिने व्यवस्था गरेमा मालपोतबाट उठ्ने राजस्व पनि बढ्ने सम्भावना रहन्छ ।

**सुधार गर्नु पर्ने कुराहरुः** जग्गाको गुणस्तर र मूल्याङ्कनको आधारमा न्यूनतम दर निर्धारण गर्नु पर्ने अवस्था छ । गाउँपालिकाले वडा कार्यालयबाट मालपोत सङ्कलन गरिआएको र सङ्कलित मालपोत रकम वडा सचिवहरुले गाउँपालिकाको राजस्व शाखामा हरेक महिनामा दाखिला गर्ने गरेका छन् । उपर्युक्त विवरणलाई राजस्व शाखाले सफ्टवेयरमा अद्यावधिक गर्न थाल्नु पर्ने छ ।

गाउँपालिकाले भू-उपयोग नीति तयार गरी बाटो तथा बजारको सुविधाका आधारमा जग्गाको वर्गीकरण गरी सम्पत्ति कर लगाउँन छुट्याएको जमिन बाहेक खेतीयोग्य जमिनलाई सिँचाइ सुविधा, बाटोको सुविधा, उत्पादन र उत्पादकत्वका आधारमा प्रगतिशिल मालपोत दर निर्धारण गरी गाउँसभाबाट स्वीकृत गराई कार्यान्वयन गर्ने र अविलम्ब शुल्क लिने गरेमा वर्तमानको राजस्व बढाउँन सकिने सम्भावना छ ।

### ग. घर जग्गा बहाल करः

स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ५७ अनुसार गाउँपालिका क्षेत्रमा जोसुकैले पनि बनाएका भवन, पसल, गोदाम, ग्यारेज, टहरा, कारखाना, खाली जमिन, पोखरी जस्ता संरचनाहरु बाहालमा दिएको अवस्थामा गाउँपालिकाले त्यस्तो बाहालमा कर लगाउँन पाउँने प्रावधान छ ।

**वर्तमान अवस्थाः** घर जग्गा बहाल कर गाउँपालिकाको वृद्धि हुँदै जाने अर्को महत्वपूर्ण स्रोत हो । यस छत्रेश्वरी गाउँपालिकामा घर बहाल करबाट आ.व. २०८०/२०८१ मा रु. ६३,६३९ आ.व. २०८१/२०८२ मा रु. ६,७०,७५० सङ्कलन भई आ.व. २०८२/२०८३ का लागि रु. २,००,००० मात्र. अनुमान गरिएको अवस्था छ । रेकर्ड अद्यावधिक नभए तापनि यो कर पालिकाका उपकरणको बहालबाट प्रप्त भएको बुझिएको छ । घरहरु बहाल केही मात्रामा भए पनि बाहालमा भएको परिदृश्य छ तर गाउँपालिकासँग धर जग्गा बहालमा

लगाउँनेको तथ्याङ्क नभएको र बहाल कर असुलीतर्फ उत्साहजनक भएको पाइदैन । लान्ती बजारकै अधिकांश घर जग्गाहरु करको दायरामा आउँन नसकेको अवस्था छ ।

**सम्भावना:** गाउँपालिकाको उद्यम शाखाबाट प्राप्त विवरण अनुसार पालिकामा दर्ता भै सञ्चालनमा आएका ३३२ वटा विभिन्न उद्यम तथा वाणिज्य सम्बन्धी व्यवसायहरु छन् भने दर्ता नभै प्रशस्त व्यवसायहरु लान्ती, भोटेचौर र आसपासका बजारमा सञ्चालनमा छन् । यस्ता उद्योग तथा व्यवसायमध्ये कति भाडामा छन् भन्ने तथ्याङ्क गाउँपालिकासँग छैन । त्यसै गरी पालिका अन्तर्गतका सान साना बजारहरु ऐलानी जग्गामा अवस्थित भएका हुँदा तिनीहरुको एकिन क्षेत्रफको तथ्याङ्क नरहेको अवस्था छ । साथै, बजार क्षेत्रमा विभिन्न कार्य विशेषले भाडामा बस्नेहरुको पनि लगत छैन । लगत सङ्कलन गरी एकिनका साथ घर जग्गा भाडाको विवरण तयार पर्ने हो भने यस स्रोतबाट पनि आन्तरिक आयमा सुधार गर्न सकिने सम्भावना छ ।

**सुधार गर्नु पर्ने पक्ष:** कतिपय घरधनीहरुले घर बहाल दिने गरेका तर व्यवसाय गर्ने र कार्यलयहरु बाहेक अन्य अनौपचारिक क्षेत्रकाले बहाल लिएको घरको कर उठ्न नसकेको अवस्था भएको हुँदा निम्न सुधारका कार्य गर्न जरुरी छ ।

- ऐलानी जग्गा अेगटेर बनाइएका बजार क्षेत्रका र जग्गाको लगत सङ्कलन गर्ने
- घर बहालको प्रचलित दर कायम गर्ने
- बहालवाला घरहरुको लगत तयार गर्ने
- लगत तयार गर्नु पूर्व सूचना सम्प्रेषण गर्ने
- कर दातालाई स्व-घोषणा गर्ने अवसर दिने ।

### घ. व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ ले गाउँपालिकालाई आफनो क्षेत्रमा व्यापार व्यवसाय वा सेवा तथा कारोवार गरेर बस्नेलाई पुँजी र कारोवारका आधारमा व्यवसाय कर लगाउँने व्यवस्था छ ।

**वर्तमान अवस्था:** छत्रेश्वरी गाउँपालिकामा व्यवसाय करबाट आ.व.२०८०/२०८१ मा रु. २,६९,५६३ आ.व. २०८१/२०८२ मा मात्र रु. २५०० सङ्कलन भई व्यवसाय रजिस्ट्रेशन दस्तुर भनी रु. ९८१०० प्राप्त गरेको देखिन्छ र आ.व. २०८२/२०८३ का लागि रु. ३००००० अनुमान गरिएको अवस्था छ । तर गाउँपालिकासँग दर्ता भए बाहेक दर्तामा नआएका उद्यम व्यवसायको एकिन तथ्याङ्क नभएको र बिना दर्ता तथा बिना इजाजत थुप्रै व्यवसाय नगर क्षेत्रमा सञ्चालनमा रहेको अनुमान छ ।

**करको सम्भावना:** गाउँपालिकाको उद्यम शाखाको रेकर्ड अनुसार यस छत्रेश्वरी गाउँपालिकामा विभिन्न स्तरका ३३२ वटा उद्यम र व्यवसायहरु सञ्चालनमा रहेका तथ्याङ्क छ भने बजार क्षेत्रमा केही व्यवसायहरु र केही घुमन्ते व्यवसायहरु दर्ता नगरी कारोवारमा संलग्न रहेको अवस्थामा छन् । तसर्थ, दर्ता अभियान सञ्चालन गरी वा दर्ता नभएकाको लगत सङ्कलन गरी दर्ता तथा नवीकरणलाई तीव्रता दिँदा यस क्षेत्रको राजस्व उल्लेख्य रूपमा वृद्धि हुँने देखिन्छ ।

**सुधार गर्नु पर्ने पक्षः** कानुनतः कुनै पनि व्यवसाय दर्ता तथा दर्ता भएकाले सालाना नवीकरण गर्नु पर्ने कानुनी दायित्वभित्र पर्दछ । तसर्थ, यस गाउँपालिकाले व्यवसाय र करको दायरामा नआएकालाई दायरामा ल्याई व्यवसाय दर्तालाई अभिप्रेरित गर्ने, व्यवसाय नवीकरणलाई ताकेता गर्ने, रेडियोमा सूचना दिने र पत्रपत्रिकामा नाम दिने जस्ता कार्यहरु गरी यो क्षेत्रको व्यापक सुधार गर्नु पर्ने अवस्था छ ।

**ङ. जडीबुटी, कवाडी र जीवजन्तु करः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६१ अनुसार नगर तथा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, कानुनले निषेध गरेका बाहेक अन्य जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यावसायिक उपयोग गरेमा स्थानीय पालिकाले जडीबुटी, कवाडी र जीवजन्तु कर लगाउँन पाईने व्यवस्था छ ।

**वर्तमान अवस्थाः** यस गाउँपालिकामा हाल जडीबुटी, कवाडी र जीवजन्तु कर नलगाईएको अवस्था छ ।

**कर सम्भावनाः** यस गाउँपालिका क्षेत्रमा टिमुर बाहेक अन्य जडीबुटी उत्पादन तथा व्यवसायीकरण नभएतापनि बजार क्षेत्रमा विभिन्न कवाडि वस्तुहरुको उत्पादन तथा व्यवसायीकरण हुँने गरेको छ र मरेका वा मारेका वा जिउँदा पशुपंछिका हाड, सीङ, प्वाँख, छाला सङ्कलन गरी व्यावसायिक कारोवार गर्नेबाट सानो मात्रामा भए पनि केही कर उठाउँन सक्ने सम्भावना रहेको हुँदा गाउँ परिषद्बाट टिमुर लगायत अन्य जडीबुटी, कवाडी र जीवजन्तुकरको दायरा बढाउँन दर निर्धारण गरी कार्यान्वयन गर्दा राजस्वमा वृद्धि हुँने देखिन्छ ।

**च. साना सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)**

साना सवारी साधन (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) को सञ्चालन अनुमतीको अधिकार गाउँपालिकमा निहित छ ।

**वर्तमानको अवस्थाः** यस पालिका क्षेत्रमा त्यस्ता साधनहरु केही मात्रामा रहे पनि छिमेकी पालिकामा दर्ता भै सञ्चालन भएका हुँदा दोहोरो कर लिन नमिल्ने भएका कारण करको दायरामा ल्याउँन सकिरहेको अवस्था छैन

**कर सम्भावनाः** यस गाउँपालिकाभित्र राष्ट्रिय राजमार्गका अतिरिक्त प्रशस्त भित्री सडकहरुको सञ्जाल तयार भैसकेको र साना सवारी साधनको चाप पनि बढ्दै गएको हुँदा यिनीहरुलाई यसै पालिकाको करको दायरामा ल्याई दर्ता अनुमति तथा नवीकरणबाट राजस्व बढाउँन सकिने सम्भावना बढी छ ।

**सुधार गरिनु पर्ने पक्षहरुः** गाउँपालिका क्षेत्रमा रही सञ्चालनमा आएका रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्साको लगत तयार गरी आइन्दा यसै पालिकामा व्यवसाय दर्ता नवीकरण गरी सोको स्टिकर आ-आफ्नो सवारी साधनमा टाँस्न लगाउँने र स्टिकर नटाँसिएको सवारी साधनमा कसैले सवारी नगर्न सूचना जारी गर्ने तथा यस्तालाई नियमन गर्न नगर प्रहरीलाई उपयोग गर्ने व्यवस्था छ ।

### छ. विज्ञापन कर:

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा ४ अनुसनर सार्वजनिक स्थानमा देखिने गरी होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय सरकार सँग स्वीकृति लिनु पर्ने प्रावधान छ। त्यसैगरी, सोही ऐनको दफा ६ ले विज्ञापन सम्बन्धी निवेदन, दस्तुर र अवधिबारे स्थानीय तहको कानुन अनुसार हुँने भनी व्यवस्था गरेको छ।

**वर्तमान अवस्था:** लान्ती, भोटेचौर, दमाचौर लगायत अन्य साना बजारहरुमा केही होर्डिङ्ग बोर्ड राखेर विज्ञापन भएको अवस्था भए तापनि विगत २ आर्थिक वर्षमा विज्ञापन बापत यस गाउँपालिकामा कुनै आय भएको छैन र चालु आ.व. का लागि कुनै अनुमान गरिएको अवस्था छैन।

**कर सम्भावना:** यस गाउँपालिकामा साना साना बजार क्षेत्रहरु रहेका र भैरहेका विज्ञापनहरुलाई नियमन मात्र गर्दा पनि राम्रैसँग राजस्व उठ्ने सम्भावना छ।

**सुधार गर्नु पर्ने पक्ष:** गाउँपालिका क्षेत्र भरी रहेका विज्ञापनहरुको लगत सङ्कलन गरी त्यस्ता विज्ञापनकर्तालाई करको दायरामा ल्याउँनु पर्ने।

### ज. मनोरञ्जन कर

स्थानीय सरकारलाई आफ्नो क्षेत्रभित्र सञ्चालन हुँने विभिन्न मनोरञ्जन बापत कर दिन पाउँने कानुनी अधिकार छ।

**वर्तमान अवस्था:** छत्रेश्वरी गाउँपालिकाभित्र यस प्रकारका मनोरञ्जन स्थलहरु नभएको हुँदा हाललाई यो क्षेत्र करको सम्भावना बाहिर छ।

**करको सम्भावना:** बढ्दो सहरीकरण र आम मानिसको चाखका आधारमा मनोरञ्जन व्यवसाय फस्टाउँदो भए तापनि हात हातमा डिजिटल प्रविधिले गर्दा सार्वजनिक मनोरञ्जनको विकास खासै भएको अवस्था नहुँदा निकटका वर्षहरुमा यो क्षेत्र यस पालिकाको लागि करको सम्भावना भित्र नपर्ने अवस्था छ।

## ३.३.२ गैर कर राजस्व

### क. अन्य कर तथा बिक्री:

प्राकृतिक स्रोतजन्य वस्तु बिक्रीबापत आउँने करलाई गाउँपालिकाले अन्य कर अन्तर्गत कर लिन पाउँने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (क) मा व्यवस्था छ। यसमा वन ऐन २०७६ र नेपाल सरकारले जारी गरेको ढुङ्गा, गिट्टी र वालुवा उत्खनन्, व्यवस्थापन र बिक्री सम्बन्धी मापदण्ड २०७७ आकर्षित हुन्छ। यस कर अन्तर्गत स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री, काठ, दाउरा, जाराजुरी, दहत्तरबहत्तर बिक्री, वन पैदावर (सामुदायिक वनको) बिक्रीबाट प्राप्त आय, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क पर्दछन्।

**वर्तमान अवस्था: गाउँ**पालिकाको आर्थिक ऐनले अन्य कर तथा बिक्रीका सन्दर्भमा गाउँपालिकाभित्र उत्पादन भै बाहिर निकासी हुँने पशुजन्य, वनजन्य र नदीजन्य उत्पादनका लागि करको दर रेट निर्धारण गरेको अवस्था छ। तर हालसम्म यो आई ई.ई. भएर पनि ठेक्का नलाग्दा अन्य कर मा २०८०/२०८१ मा रु ३१३५५६. आ.व.

२०८१/२०८२ मा रु.१२९९२०२ सङ्कलन भई  आ.व. २०८२/२०८३ का लागि रु ५००००० मात्र अनुमान गरिएको अवस्था छ तर अन्य बिक्री बापत ढुङ्गा, गिट्टी र वालुवाबाट कुनै राजस्व प्राप्त भएको छैन ।

**अन्य बिक्रीको सम्भावनाः** गत वर्षको आई ई इ को म्याद समाप्त भएको र हाल अर्को तयार हुँने क्रममा रहेको र ढुंगा, वालुवा र गिट्टीमा प्रति घनमिटर रु ५ लिन पाउँने गरी प्रदेशबाट तोकिएको हुँदा ठेक्का पट्टा भएको खण्डमा यो क्षेत्रबाट पनि राजस्व उठ्ने सम्भावना देखिन्छ ।

**सुधार गर्नु पर्ने क्षेत्रहरुः** स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्रीका लागि तयारी अवस्थामा रहेको आई ई.ई. पुरा गरी ठेक्का लगाउँनु पर्ने र अनियन्त्रित दोहन गर्नेलाई नियन्त्र गर्दा राजस्व वृद्धिको सम्भावना छ ।

### ख. बहाल बिटौरी शुल्कः

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ अनुसनर स्थानीय तहले आफूले निर्माण र सञ्चालन र रेखदेख गरेका हाट, बजार, पसल वा सरकारी जग्गामा निर्मित संरचनाको उपयोग गरेवापत बहाल बिटौरी लिन पाउँने प्रावधान छ भने सोही ऐनको दफा ९७ मा स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका सरकारी, सामुदायिक वा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा संरक्षण गर्नु पर्ने जिम्मेवारी पनि उल्लेख छ ।

**वर्तमान अवस्थाः** हाल छत्रेश्वरी गाउँपालिकाबाट यस प्रकारका संरचना नभएको भनी करको दर पनि निर्धारण नगरेको र कर सङ्कलन पनि नभएको तथा चालु आ.व. मा अनुमान पनि नगरिएको जानकारी दिएको छ ।

**बहाल बिटौरीको सम्भावनाः** यस गाउँपालिकाभित्र सार्वजनिक जग्गामा अव्यवस्थित रूपमा बसोवास गर्न परिवार भएका हुँदा स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ अनुसार सरकारी जग्गामा संरचना निर्माण गरी बसोवास गर्ने परिवारलाई पालिकाबाट विद्यालय, खानेपानी, बाटो घाटोका सुविधा दिनु पर्ने तर कुनै सरकारलाई कत्ति पनि कर तिर्नु नपर्ने अवस्था हटाउँन गाउँपालिकाले करको दायरामा ल्याएर त्यस्ता बसोवास गर्नेसँग बहाल बिटौरी असुली गर्न करको दर र दायरा वृद्धि गरी कर असुल्न सक्ने सम्भावना छ ।

**सुधार गर्नु पर्ने पक्षः** गाउँपालिकाले सरकारी तथा सार्वजनिक जग्गामा अव्यवस्थित बरोबास गर्नेको लगत सङ्कलन गरी त्यसरी बसोवास गर्नेहरुलाई करदाता शिक्षा प्रदान गरी करको दर निर्धारण गरी करको दायरामा ल्याउँनु पर्ने ।

### ग. नक्सा पास दस्तुर

स्थानीय सरकार सञ्चालन ऐनको दफा २७ ले नगर तथा गा.पा. क्षेत्रमा भवन तथा कुनै पनि संरचना बनाउँदा नक्सा पास नगाराई निर्माण गर्न नहुँने कुरा उल्लेख छ भने सोही ऐन को दफा ३३(४) मा भवन निर्माण गर्दा लाग्ने दस्तुर गाउँपालिकाले तोके बमोजिम हुँने व्यहोरा उल्लेख छ ।

**वर्तमान अवस्थाः** छत्रेश्वरी गाउँपालिकाको आर्थिक ऐन २०८२ ले विभिन्न बाटोका प्रकार र घरको प्रकार अनुसार घरको नक्सा पास दस्तुर निर्धारण गरेको छ । गाउँपालिकाले आ.व. २०८०/२०८१ मा रु. ८०,६८५ तथा आ.व. २०८१/२०८२ मा रु. ५४६५६ राजस्व सङ्कलन गरेको अवस्था छ र चालु आ.व. २०८२/२०८३ का लागि रु. १००००० अनुमान गरेको अवस्था छ ।

**दस्तुरको सम्भावना:** यस पालिका क्षेत्रमा सहरीकरण बढ्दै गएको, पक्की घरहरु निर्माणको गति बढ्दै गएको र आसपास राजमार्ग सँग जोडिएका स्थहरुमा पनि बजारीकरण तीब्ररूपमा वृद्धि हुँदै गएको अवस्था छ । तर अझै पनि स्थानीयमा घरको नक्सा पास गराउनु पर्ने भन्ने चेतना आई नसकेको अवस्था छ । तर जोखिम तथा विपद् व्यवस्थापन र नागरिकको सुरक्षाको कोणबाट भवन निर्माण संहिता तथा मापदण्ड तयार भै सकेको हुँदा त्यसलाई कार्यान्वय गर्दै पहिले नै निर्माण भैसकेकालाई पनि एक पटकका लागि लगतमा दर्ता गराउँन न्यूनतम दररेट निर्धाण गरी गाउँपालिकाबाट एउटा नीति तयार गरी कार्यान्वयन गर्दा शुल्कको सम्भावना बढिनै देखिन्छ ।

**सुधार गर्नुपर्ने क्षेत्र:** भवन निर्माण मपदण्ड अनुसार अनिवार्य नक्सा पास गराउँनु पर्ने व्यवस्था कडाइका साथ पालना गराउँने र भए नभएको अनुगमन गर्ने, पहिलेनै निर्माण भएकालाई न्यूनतम शुल्कमा अभिलेखीकरण गराउँन पाउँने नीति बनाइ कार्यान्वयन गर्ने व्यवस्था लागु गर्नुपर्ने ।

### घ. व्यवसाय दर्ता तथा नवीकरण शुल्क:

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११(२) ञ(६) ले स्थानीय तहलाई उद्यम, तथा व्यावसायिक फर्म दर्ता, अनुमति तथा नवीकरणको अधिकार प्रदान गरेको छ । त्यसैगरी, सहकारी ऐन २०७४ अनुसार सहकारीहरुको दर्ता तथा नवीकरणको अधिकार पनि स्थानीय तहलाई दिइएको छ । यी कार्यका लागि स्थानीय तहलाई शुल्क तोक्न र लिन पाउँने अधिकार छ ।

**वर्तमान अवस्था:** गाउँपालिकाले आर्थिक ऐन ... मा उद्योग/व्यवसाय दर्ता तथा नवीकरणका लागि पुँजीका आधारमा न्यूनतम र अधिकतम शुल्क निर्धारण गरेको छ । पालिकाले आ.व. २०८०/२०८१ मा रु.० तथा आ.व. २०८१/२०८२ मा रु. ९८१०० राजस्व सङ्कलन गरेको अवस्था छ भने चालु आ.व. २०८२/२०८३ का लागि कुनै अनुमान गरेको अवस्था छैन । हाल ३३२ जति मात्र उद्यम व्यवसायी करको दायरामा आएका छन् भने अझै अनुमानित ३०० जति दर्ता प्रकियामा आउँन बाँकी रहेको अनुमान छ ।

**शुल्कको सम्भावना:** दर्ता तथा नवीकरणको दायरामा नआएका करिव ३०० व्यवसायीलाई दर्ता प्रकियामा ल्याई वार्षिक नवीकरणलाई अनिवार्य गरी अनुगमनलाई तीव्रता दिँदा अनुमान भन्दा बढी राजस्व सङ्कलन हुँने सम्भावना छ ।

**सुधारको क्षेत्र:** पूर्व सूचना सहितको अनुगमनमा तीव्रता ल्याई हालसम्म दर्ता नगरी व्यवसाय गर्नेहरुलाई दर्ता अभियान नै सञ्चालन गरी दर्ता गराउँने र दर्तापछि नवीकरण नगर्नेहरुलाई पनि अनुगमन गरी नवीकरण अनिवार्य गर्न लगाउनु पर्ने ।

### ङ. सिफारिस तथा प्रमाणीकरण दस्तुर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११(२) घ(७) ले गाउँपालिकालाई कानुन बमोजिम गर्ने सिफारिस र दफा १२ (ङ) ले वडाहरुलाई विभिन्न ३६ प्रकारका सिफारिसको अधिकार प्रदान गरेको छ  र यस्तो सिफारिस गरे वापत गाउँपालिकाले तोकोको दररेट अनुसार सिफारिस दस्तुर लिन पाउँने प्रावधान छ ।

**वर्तमान अवस्थाः** गाउँपालिकाले सबै प्रकारका सिफारिस तथा प्रमाणीकरणको लागि आर्थिक ऐन अनुसार सिफारिस तथा प्रमाणीकरणका लागि दस्तुरको दर तोकेको अवस्था छ। गाउँपालिकाले आ.व. २०८०/२०८१ मा रु. १०,४०,९७१ तथा आ.व. २०८१/२०८२ मा रु. ७६३९०० राजस्व सङ्कलन गरेको छ भने चालु आ.व. २०८२/२०८३ का लागि रु.१२,००,००० अनुमान गरेको अवस्था छ।

**दस्तुर सम्भावनाः** सिफारिस तथा प्रमाणीकरण पालिका तथा वडाहरुको नियमित कार्य भएका हुँदा यस्तो राजस्व नियमित सङ्कलन हुँन सक्ने देखिन्छ।

### च. व्यक्तिगत घटना दर्ता (विलम्ब सहित) शुल्कः

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११(२) च(३) अनुसार स्थानीय तहले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइसराइ जस्ता घटनाको दर्ता तथा स्थानीय घर परिवारको लगत तथा पंजीकरण गर्ने कार्य गर्नु पर्ने हुन्छ। साथै राष्ट्रिय परिचयपत्र तथा पंजीकरण ऐन २०७६ को दफा १७(२) अनुसार पंजीकरणका लागि वडा कार्यलयले प्रमुखको रूपमा कार्य गर्नु पर्ने र घटनाको ३५ पछि दर्ता गर्न आउँनेलाई विलम्ब शुल्क लाग्ने व्यवस्था गरेको छ।

**वर्तमान अवस्थाः** यस गाउँपालिकाले व्यक्तिगत घटना दर्ता वापत आ.व. २०८०/२०८१ मा रु. ३,०१,२६० तथा आ.व. २०८१/२०८२ मा रु. ३,७५,७०० राजस्व सङ्कलन गरेको छ भने चालु आ.व. २०८२/२०८३ का लागि रु.४००००० अनुमान गरेको छ।

**शुल्कको सम्भावनाः** यो गाउँपालिकाको नियमित आयको स्रोत हो।

**सुधार गर्नु पर्ने क्षेत्रः** गरीब तथा विपन्न र सीमान्तकृत वर्गलाई विलम्ब शुल्कमा विशेष व्यवस्था गर्नु उपयुक्त हुँने देखिन्छ।

### छ. 'घ' वर्गको निर्माण व्यवसायी इजाजत, दर्ता तथा नवीकरण दस्तुर

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारलाई 'घ' वर्गको निर्माण इजाजत पत्र दिने तथा दर्ता र नवीकरण गर्ने अधिकार प्रदान गरेको छ। गाउँपालिकाबाट करदाताको सङ्ख्या र तिरेको करको विवरण अलग नराखेको अवस्थामा के कति राजस्व सङ्कलन भयो सो एकिन भएन। तर बढ्दो निर्माण कार्यको विश्लेषण गर्दा यो स्रोतबाट पनि पालिकाको राजस्व सङ्कलन हुँन सक्ने देखिन्छ।

### ज. सेवा शुल्क (फोहरमैला सङ्कलन तथा सरसफाइ, पार्किङ्ग शुल्क समेत)

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई फोहमैला सङ्कलन, पार्किङ्ग स्थलको व्यवस्था एम्बुलेन्स सेवा, आदिको व्यवस्था गरी से सोवा वापत शुल्क लिन पाउँने व्यवस्था गरेको छ।

**वर्तमान अवस्थाः** छत्रेश्वरी गाउँपालिकामा पार्किङ्ग शुल्क, फोहमैला सङ्कलन तथा सरसफाइ शुल्क र विविध सेवा शुल्कहरुको दर रेट कायम छैन र यी शीर्षकबाट कुनै राजस्व सङ्कलन नभएको अवस्था छ।

**शुल्कको सम्भावनाः** पालिकाले फोहरमैला सङ्कलन गरी व्यवस्थापन गर्ने, सडक तथा बजार सरसफाइ गर्ने र पार्किङ्ग सेवा सञ्चालन गर्ने कार्यलाई तीव्रता दिएर सेवाग्राहीसँग संवाद गरी शुल्कको दायरामा ल्याउन सके यो क्षेत्र पनि राजस्व सङ्कलनको एक क्षेत्र बन्न सक्ने देखिन्छ ।

**सुधार गर्नु पर्ने क्षेत्रः** खासमा गाउँपालिकाले निम्न विषयमा सुधार गर्नुपर्ने देखिन्छ,

- बजारभित्र पार्किङ्गका लागि स्थान छनौट गरी पार्किङ्ग तोकिएको दरमा पार्किङ्ग शुल्क लिने व्यवस्था गर्नुपर्ने ।
- बजारको सरसफाइ तथा फोहरमैला सङ्कलन र व्यवस्थापन गर्दा घर घनी तथा व्यवसायीहरुसँग निर्धारित दरमा सङ्कलन तथा व्यवस्थापन शुल्क लिनु पर्ने

### ञ. न्यायिक दण्ड जरिवाना

संविधान तथा प्रचलित नियम कानुनको कार्यान्वयन, नियमन गर्ने कुरा स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ८ अनुसार न्यायिक कार्य सम्बन्धी व्यवस्था कार्यान्वयन र अन्य खरिद जस्ता कार्यमा गाउँपालिकाले दण्ड, जरिवाना तगा जफत जस्ता कार्यहरु गर्नुपर्ने अवस्था आउँन सक्छ ।

**वर्तमान अवस्थाः** यस गाउँपालिकामा प्रशासनिक दण्ड, जरिवाना र जफतको लागि दररेट निर्धारण भै असुली कार्य भै रहेको अवस्था छैन । केवल न्यायिक दस्तुर भनेर आ.व. २०८१/२०८२ मा रु १४०० आय भएको देखिन्छ र चालु आ.व. का लागि कुनै अनुमान पनि छैन ।

**आयको सम्भावनाः** यसलाई पालिकाको नियमित स्रोत बनाउँन सकिन्छ र तर यसमा आयको अनुमान गर्न कठिन हुन्छ ।

### ट. वनको बिकी (सामुदायिक वन) बाट प्राप्त रकमः

स्थानीय सरकार संचाल ऐनको दफा ६२ (ख) मा व्यवस्था भए अनुसार सामुदायिक वनका उपभोक्ताले आफ्नो वार्षिक कार्ययोजना स्थानीय तहबाट स्वीकृत गराउँनु पर्ने र त्यसबाट भएको आम्दानीको १० प्रतिशत स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ ।

**वर्तमान अवस्थाः** हालसम्म यस पालिकामा यो शीर्षकबाट कुनै पनि आय भएको छैन र सामुदायिक वन उपभोक्ता समूह हालसम्म पालिकाको करको दायरामा आउन सकेको अवस्था छैन ।

**आय सम्भावनाः** पालिकाभरिका सामुदायिक वन उपभोक्ता समूहसँग सम्बाद गरी कार्य योजना स्वीकृत गर्ने बखत तिनीहरुको आयबाट १० प्रतिशत सञ्चित कोषमा दाखिला गर्नु पर्ने गरी गाउँपालिकाले प्रावधान तयार गरेमा यो क्षेत्रबाट पनि आय सम्भावना देखिन्छ ।

**सुधारको क्षेत्रः** यो क्षेत्रलाई करको दायरामा ल्याउँन गाउँपालिकाबाट निम्नलिखित कार्यहरु गरिनु उपयुक्त हुन्छ,

- सामुदायिक उपभोक्ता समूहको लगत तयार गर्ने ।

- लगत तयार गर्दा प्रत्येक सामुदायिक वनले ओगटेको क्षेत्र, उपभोक्ताको विवरण, वार्षिक आय व्यय समेतको विवरण अद्यावधिक गर्ने
- सबै उपभोक्ता समूहसँग संवाद गरी करको दायरामा ल्याउँने ।

**ठ. पर्यटन तथा मेला शुल्कः**

स्थानीय सरकार सञ्चालन ऐन को दफा ६२ (१) मा गाउँपालिकाले आफ्नो क्षेत्रमा सञ्चालनमा रहेका विविध मनोरञ्जन तथा साहसिक खेलहरुका लागि पर्यटन शुल्क लिन पाउँने व्यवस्था छ ।

**वर्तमान अवस्थाः** गाउँपालिकाको विभिन्न स्थानमा पर्यटन क्षेत्रको विकास गर्ने नीति लिइ मध्यमकालीन खर्च संरचना तयार गरी बजेट विनियोजन गरेको र शङ्ख पार्क, छायाँक्षेत्र तथा अन्य धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा लाग्ने मेला महोत्सव तथा प्रवेश शुल्क लगाउने गरी आर्थिक ऐनमा दररेट निर्धारण गरेको अवस्था छ । यो क्षेत्रको पनि हालको अवस्थामा अनुमान गर्न नसकिने अवस्था छ ।

**शुल्क सम्भावनाः** नीति तथा कार्यक्रममा प्रस्तुत गरी निर्धारित योजनाहरु सम्पन्न भए पछि कालानतरमा यो क्षेत्र पनि राजस्वको सम्भावना बोकेको क्षेत्र बन्ने सम्भावना छ ।

# परिच्छेद ४ गाउँपालिकाको आय सङ्कलनको संस्थागत क्षमता र वर्तमान अवस्था

## ४.१ गाउँपालिकाको राजस्व परिचालन सम्बन्धी नीति

छत्रेश्वरी गाउँपालिकाले अब आउँने आ.व. २०८३/२०८४ का लागि आन्तरिक राजस्व परचालनका लागि निम्न अनुसारका नीतिहरु लिनु पर्ने छ ।

- कर प्रशासनलाई चुस्त, छरितो र लगत प्रभावकारी बनाउँने
- सरलीकृत कर प्रणालीको विकास गरी आन्तरिक स्रोतको परिचालनमा जोड दिने
- राजस्वका स्रोतहरको पहिचान गरी राजस्व सङ्कलन प्रणालीलाई थप सुधार गर्ने
- नागरिकले तिरेको करको सदुपयोग सुनिश्चित गर्ने

यसका अतिरिक्त गाउँपालिकाले आन्तरिक राजस्व सुरधारका लागि निम्नलिखित कुरामा सुधार गर्ने अठोट गर्दा राम्रो हुँने छ,

- सम्पत्ति कर र घरबहाल करको दायरामा नआएकालाई दायरामा ल्याउँने
- दर्ता तथा अनुमतिबिनाका व्यवसाय शून्य बनाउँने गरी सबै व्यवसायलाई दर्ता गर्न दर्ता अभियान सञ्चालन गर्ने
- साना सवारी साधनको कर दायरा बढाउँने
- सामुदायिक वनभित्रको पैदावार बिक्रीलाई पालिकाको राजस्व दायरामा ल्याउँने
- स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य जन्य वस्तुको अन्य पालिकाबिच सीमा निर्धारण गर्ने
- राजस्व प्रशासनमा सुधार गरी जनताले अनुभूति गर्ने गरी सुशासन युक्त बनाउँने
- गाउँपालिकाले उपयोग गर्न नसकि रहेका तर उच्च सम्भावना विद्यमान रहेका क्षेत्रहरुको पहिचान गर्ने गरी राजस्वको दायरामा ल्याउँने ।

## ४.२ राजस्व आय सङ्कलनको संस्थागत क्षमता

### ४.२.१ गाउँपालिकाको राजस्व प्रशासन

यस गाउँपालिकामा राजस्व परामर्श समितिको व्यवस्था छ र राजस्व शाखाको अलग्गै व्यवस्था छ । गाउँपालिकाको राजस्व प्रशासनलाई सुधार गर्नु पर्ने छ । यसलाई अझै प्रभावकारी बनाउँन:

- राजस्व शाखामा माथिल्लो स्तरको कर्मचारीको प्रावधान,
- यातायातको साधनको व्यवस्था,
- पटक पटक क्षमता विकास,
- कर शिक्षालाई जनस्तरसम्म लैजाने,
- अनुगमनको व्यवस्था गर्ने तथा सरोकारवालहरुसँग अन्तरक्रिया गर्ने जस्ता कार्यहरु गर्नु पर्ने छ ।

- त्यसैगरी, कर प्रशासनलाई बढी प्रभावकारी बनाउँन हरेक क्षेत्रका करदाताको लगत लिने र अद्यावधिक गर्ने र कर प्रशासनमा वडा स्तरसम्मै काम गर्ने कर्मचारीलाई प्रतिवेदन लेखन तथा करदातामैत्री व्यवहारबारे क्षमता विकास गर्ने जस्ता विषयमा सुधार गर्नु पर्ने हुन्छ ।

**तालिका १६ राजस्व परिचालनको संस्थागत विश्लेषण**

**अनुसूची २**

**(दफा ८.३ सँग सम्बन्धित)**

**विषयगत विश्लेषणको नमुना फाराम**

**.राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण**

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| **क) सङ्गठनात्मक व्यवस्था** | | |
| राजस्व शाखाको व्यवस्था सङ्गठन संरचनामा छ छैन ? | छ | |
| राजस्व शाखामा कुन तहका कति दरवन्दी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | तह ५ | पदपूर्ती नभएको |
| राजस्व शाखाले गर्ने कामका लागि कार्यविवरण छ की छैन ? | छैन | बनाउनुपर्ने |
| कर्मचारीहरुलाई उनीहरुको जिम्मेवारी स्पष्ट र लिखित रूपमा दिइएको छ छैन ? | छ | |
| कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | यातायात बाहेक अन्य रहेको | |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | छैन | व्यवस्था गर्ने |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | छैन | गर्नुपर्ने |
| राजस्व परिचालनका लागि वडालाई दिइएको जिम्मेवारी के छ ? | सन्तोषजनक | |
| **ख) राजस्व प्रशासन सञ्चालनको अवस्था** | | |
| करदाताहरुको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरु – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, वहाल आदि | छैन | |
| गाँउ/नगरपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण तथा सोको परिचालन कस्तो छ ? | स्थायी सम्पत्ति छैन | |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्याङ्कन कत्तिको सही रूपमा भएको छ ? मूल्याङ्कन अनुसार कर निर्धारण भएको छ छैन ? | छैन | |
| चुहावट हुन सक्ने सम्भावनाहरु के के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिइएको छ ? | रेकर्ड राख्ने गरिएको | |
| व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | छ | |
| समयमा तिर्नेलाई छुट र ढिलो बुझाएमा जरीवाना लाग्ने | छुट छैन, ढिलो | |

| | | |
|---|---|---|
| व्यवस्था सबै आय स्रोतहरुमा कसरी लागु गरिएको छ ? | बुझाएमा जरिवानाको व्यवस्था | |
| करदाताहरुलाई उनीहरुले तिर्नुपर्ने कर रकमबारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | छैन | |
| गाँउ/नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्नेसक्ने व्यवस्था केकस्तो छ ? | छैन | |
| राजस्व शाखाको कार्य प्रक्रिया, चुहावट नियन्त्रणको प्रयास, लक्ष्य तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | | |
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | | |
| **ग) सूचना तथा समन्वयको अवस्था** | | |
| करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के-कस्तो कार्य गरिएको छ ?<br>(शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग बोर्ड, वेबसाइट आदि) | छैन | |
| करको दर निर्धारण तथा समीक्षामा सरोकार पक्षहरुको सहभागीता कस्तो छ ? | छैन | |
| राजस्व परामर्श समिति तथा अन्य समितिहरुको प्रभावकारीता कस्तो छ ? (बैठक सङ्ख्या, निर्णयहरु आदि) | वर्षमा १/२ पटक | |
| राजस्व असुलीमा सरोकार पक्षहरुको सकारात्मक सहभागीताको अवस्था कस्तो छ ? | छैन | |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | राम्रो | |
| आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ? | छ | |
| गाँउ/नगरपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? | छैन | |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरु कसरी सम्बोधन भएका छन् ? | हुन्छ | |

**स्रोतः**

निष्कर्ष: गाउँपालिकाले राजस्व परिचालनको अवस्थामा सुधार ल्याउनको लागि लिन सक्ने नीतिगत व्यवस्था:

क. अधिकृत कर्मचारी राजश्व शाखा प्रमुख बनाउँने ।

ख. तल्लोस्तर सम्मका करदातालाई करदाता शिक्षा ।

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

**तालिका १७ राजस्व परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| क. | करतर्फ | | | |
| | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| | सम्पत्ति कर | भएको | सामान्य | भएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | नभएका | नभएको |
| | घर जग्गा बहाल कर | भएको | नभएका | नभएको |
| | व्यवसाय कर | भएको | भएको | भएको |
| | जडीबुटी, कवाडी र जीवजन्तु कर | भएको | नभएको | भएको |
| | विज्ञापन कर | भएको | नभएको | नभएको |
| | मनोरञ्जन कर | नभएको | नभएको | नभएको |
| **ख.** | **अन्य राजस्व** | | | |
| | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री | भएको | नभएको | नभएको |
| | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | भएको | नभएको | नभएको |
| | वन पैदावर (सामुदायिक वनको) बिक्रीबाट प्राप्त आय | भएको | नभएको | नभएको |
| | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | भएको | भएको | भएको |
| | वहाल विटौरी शुल्क | नभएको | नभएको | नभएको |
| | पार्किङ्ग शुल्क | नभएको | नभएको | नभएको |
| | फोहरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| | स्थानीय खानेपानी महसुल | नभएको | नभएको | नभएको |
| | स्थानीय विद्युत् महसुल | नभएको | नभएको | नभएको |
| | मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | नभएको | नभएको | नभएको |
| | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क | नभएको | नभएको | नभएको |
| | मूल्याङ्कन सेवा शुल्क | भएको | नभएको | नभएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म | नभएको | नभएको | नभएको |
| | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | नभएको | नभएको |

| | | | | |
|---|---|---|---|---|
| | वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| | दण्ड जरिवाना | भएको | सामान्य | रेट नहुँने |

***स्रोत: छत्रेश्वरी गा.पा***

## ४.४ राजस्व परिचालनका सवालहरु

नेपालको संविधान तथा कानुनले प्रदान गरेको आर्थिक अधिकार उपयोग गर्न पालिकाहरुले राजस्वको उपयोगिता र यसको संवेदनशीलतालाई महत्व दिइ योजनावद्ध प्रयास गर्न जरुरी छ ।

**४.४.१ सम्भावनाको क्षेत्रबाट पनि कर सङ्कलन हुँन नसक्नु:** यस पालिकामा करको सम्भावना भएका क्षेत्रबाट राजस्व सङ्कलन गर्नलाई पनि केही नीतिगत केहि मात्रामा दक्ष कर प्रशासनको अभाव, करको दायरा तथा दरमा अलमल, करको क्षेत्र विस्तार तथा अनुगमनको अभाव जस्ता सवालहरु देखिएका छन् ।

**४.४.२ कर नीतिको कार्यान्वयन:** गाउँपालिकाले लिएको कर नीतिलाई प्रभावकारी कार्यन्वयनका लागि रणनीतिक कदम चाल्न अझै नसक्दा कतिपय करदाता करको दायरामा आउँन सकेका छैनन् । जस्तै घरबाहाल कर पाउँने कतिपय घर धनी करको दायराबाट मुक्त छन् भने दर्ता नगरी व्यवसाय गर्नेहरु पनि दायराबाट मुक्त छन् ।

**४.४.३ कर तिर्ने संस्कारको विकासको मुद्दा:** त्यसैगरी, जनतामा कर तिर्ने संकारको विकास भई नसकेको अवस्था एकातिर छ भने संस्कारको विकास गर्न सामान्य कर शिक्षाको व्यवस्था नगरिएको अवस्था छ ।

**४.४.४ करदाताको लगत तथा अनुगमन:** नियमित कर सङ्कलन हुँनु पर्ने सम्पत्ति तथा व्यवसाय कर, जो गाउँपालिकाको प्रमुख आय स्रोतका रूपमा रहेका छन, त्यस्तालाई पनि करको दायरामा सबैलाई समेट्न नसकेको अवस्था छ र दायरा विस्तार गर्न लगत सङ्कलन तथा करदाताको अभिलेख अद्यावधिक गर्नु पर्ने कार्यहरु पनि हुँन सकेको छैन ।

**४.४.५ कानुनी दुविधा:** कतिपय कानुनहरुको तालमेल नमिल्दा पनि करको दायरा विस्तार गर्न नसकिएको अवस्था छ जस्तै स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (ख) ले सामुदायिक वनको बिक्रीको आयबाट स्थानीय तहले १० प्रतिशत राजस्व पाउँने कुरा उल्लेख छ भने वन ऐन २०७६ ले सो किटान गरेको छैन । यस्ता दुविधालाई सरोकारवालाहरुसँग बसेर समझदारी बनाउन अति जरुरी छ ।

**४.४.६ अभिलेख व्यवस्थापन तथा स्रोतका प्राथमिकिकरण:** करदाताको अभिलेख अद्यावधिक गर्नु कर प्रशासनको प्रमुख कार्य पनि हो । तर सम्पत्ति कर, बाहाल कर, व्यवसायकर जस्ता करको दायरा व्यापक भएको क्षेत्रका करदाताको लगत सङ्कलन र विवरण अद्यावधिक नहुँदा अबका दिनमा के कति राजस्व कुन क्षेत्रबाट उठ्न सक्छ भन्ने कुरा अनुमान गर्न असजिलो अवस्था छ । यस कारण सम्भावित स्रोतको प्राथमिकीकरण गरेर राजस्व सङ्कलनलाई तीव्रता दिन असहज बनेको छ ।

**४.४.७ पारदर्शीता र जवाफदेहिता:** पारदर्शीता र जवाफदेहिता सुशासनको मूल कडी हो । राजस्व प्रशासनलाई पारदर्शी र जवाफदेही बनाउँन गाउँपालिकाले आफ्नो आय व्ययको विवरण आवधिक रूपमा विभिन्न संचार माध्यमबाट प्रकाशित गरी सार्वजनिक गर्नाले पालिका प्रति जनविश्वास बढ्न जान्छ ।

# परिच्छेद ५ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

## ५.१ स्थानीय राजस्व सुधार तथा परिचालनको परिकल्पना

**परिकल्पना**

छत्रेश्वरी गाउँपालिकाको हालको कुल आयमा आन्तरिक राजस्वको प्रतिशत वृद्धि गरी आन्तरिक स्रोतको दरमा वृद्धि गर्ने

आ.व. २०८१/८२ को यथार्थ दर १.१८ प्रतिशत बाट१.६४ प्रतिशतमा पुऱ्याउँने

करको दायरामा वृद्धि गर्ने

पालिकाको आर्थिक स्थायित्व, दिगोपना र अत्यावश्यक कार्यका लागि आर्थिक स्रोतमाथिको परनिर्भरता न्यूनीकरण हुँने ।

पलिकाको बजेटको आकार वृद्धि गर्ने

पालिकाको आर्थिक स्थायित्व, दिगोपना र अत्यावश्यक कार्यका लागि आर्थिक स्रोतमाथिको परनिर्भरता न्यूनीकरण हुँने ।

जनताको विकासको माग अझ बढी संबोधन गर्ने

पालिकाका जनताको आर्थिक समृद्धि ल्याउँन र पालिकाको सोच पुरा गर्न सकिने ।

## ५.२ स्थानीय तहले राजस्व सुधार र परिचालनका सैद्धान्तिक मान्यताहरु

स्थानीय सरकारहरु जनताका घरदैलोका सरकारहरु हुन् । तसर्थ देशको भूगोल र जनता स्थानीय सरकारका नजिक छन् । संघीयता बलियो बनाउँन स्थानीय सरकार बलियो हुँनु जरुरी छ । स्थानीय सरकार बलियो हुँन जनतालाई सोझै फाइदा पुग्ने काम गर्नु जरुरी छ । जनतालाई प्रत्यक्ष फाइदा पुऱ्याउन केही निश्चित सोचहरुको विकास हुँन जरुरी छ र सोच पुरा गर्न काम गर्नु पर्ने र काम गर्न पैसा चाहिने भएको हुँदा सँधैको परनिर्भतालाई क्रमशः घटाउँदै आन्तिरिक स्रोत माथिको निर्भरता बढाउँदै जानु पर्ने जरुरी भएको छ ।

जनताको घरदैलोको सरकारका रूपमा जनताका माग तथा आवश्यकता सम्बोधन गर्नु स्थानीय सरकारको दायित्वभित्र पर्दछ । संविधानको अनुसूची ८ अन्तर्गत एकल तथा अनुसूची ९ अन्तर्गत संघ, प्रदेश र स्थानीय तह बिचका साझा अधिकारले समग्रमा जनताको चौतर्फी विकाससँग जोडिएका स्वास्थ्य, शिक्षा, कृषि तथा पशुपंछी, खानेपानी तथा सरसफाइ, फोहरमैला व्यवस्थापन, विपद् व्यवस्थापन, आयआर्जनका अवसर सिर्जना, रोजगारीका अवसर सिर्जना, यातायात लगायत अन्य आर्थिक तथा सामाजिक पूर्वाधारको विकास जस्ता जन सरोकारका विषयमा काम गर्न संविधानले कार्य जिम्मेवारी निर्धारण गरेको अवस्था एकातिर छ भने स्थानीय प्रतिनीधिले स्थानीयसँग गरेका बाचाहरु पुरा गर्नुपर्ने अवस्था अर्कातर्फ छ । तसर्थ विकास व्यवस्थापनलाई

जनताले महसुस गर्ने गरी जहाँ आवश्यक पऱ्यो त्यँही लगानी गर्ने स्वयत्तता सुनिश्चित गर्न स्व-आर्जनबाट मात्र सम्भव हुन्छ ।

स्थानीय सरकारहरुले जनताका माग तथा आवश्यकता अनुसारका सेवा सुविधा प्रवाह गर्न आफ्नै नियन्त्रणको स्रोत साधनले मात्र सम्भव हुन्छ । तसर्थ, स्थानीय चासो संबोधन गर्न स्थानीय स्रोत परिचालन विना सम्भव छैन । यसैले स्थानीय राजस्व परिचालनले स्थानीय सरकारहरुलाई जनताप्रति उत्तरदायी पनि बनाउँदै लैजाने र स्थानीय विकासको गतिमा दिगोपना पनि आउने सम्भावना रहन्छ । तर यसका लागि कर तिर्ने संस्कारको विकास, कर तथा गैर कर प्रशासनमा सुधार, कर तथा गैरकार सुशासनमा सुधार र कर तिर्ने सेवामा सुधारको आवश्यक छ ।

माथि भनिए झैं स्थानीय तह सञ्चालनमा आन्तरिक राजस्व सङ्कलन अतिनै आवश्यक विषय हो तर योसँग सेवा प्रवाह जोडिएको हुन्छ । अर्थात् राजस्व सङ्कलन र सेवा प्रवाह अन्तर सम्बन्धित विषय हुँन र सँगसँगै कार्यन्वयन हुँनु जरुरी छ । तसर्थ एक जिम्मेवार सरकारको रूपमा स्थानीय सरकारले जन सरोकारका विषयमा लगानी गर्न पनि राजस्व सुधार अपरिहार्य छ । तर राजस्व सङ्कलन तथा परिचालनमा सुधारका केही निश्चित सिद्धान्तहरुलाई अवलम्बन गर्न पनि उत्तिकै जरुरी छ । त्यसकारण यस पालिकाको राजस्व सुधार र परिचालन कार्य विशेष गरी निम्न सैद्धान्तिक मान्यताहरुमा आधारित हुँनेछ,

१. **स्थिरताको मान्यताः** स्थानीय तहलाई आफ्ना विकासका गतिविधिहरु निरन्तर परिचालन गर्न आफ्नै स्रोतको बजेट हुनु अनिवार्य हुँन जान्छ । यसका लागि ऐन, नियम र संविधानले दिएको दायराभित्र रहनु पनि उत्तिकै जरुरी हुन्छ भने जनताको कर तिर्ने क्षमता र पालिकाको विकास तथा सेवा प्रवाहले जन चाहनालाई आकर्षित गरेको हुँनुपर्दछ । पालिकाको सेवा प्रवाह र सुशासनमा जनता सन्तुष्ट छन् भने र आर्थिक समृद्धिका विकासका गतिविधिबाट स्थानीय जनता सन्तुष्ट छन् भने कर तिर्न जनताले बोझको रूपमा महसुस गर्दैनन् भने कर तिर्ने संस्कारको विकास गर्न सकिन्छ । कर तथा गैर कर प्रशासन र सुशासनमा सुधार गरी कर सेवामा सुधार भएमा पालिकाको आन्तरिक आयमा स्थायित्व प्रदान हुन्छ । आयको स्थिरताले पालिका आर्थिक रूपमा सवल तथा सक्षम भएपछि स्थानीय विकासको कम अगाडि बढाउँन सहज हुन्छ ।

२. **करदाताको क्षमतामा आधारितः** राजस्व सुधार तथा परिचालनको अर्को मान्यता हो करदाताको कर तिर्न सक्ने क्षमता । पालिकाका विकास गतिविधि र जनताको क्षमतामा अन्तर सम्बन्ध रहन्छ । तसर्थ पालिकाको बजेट परिचालन जनताको आयआर्जन बढाउँनेतर्फ केन्द्रित गरी जनताको आीर्थक हैसियत बढाउँदै कर तथा गैर करको दायरा र दर जनताको तिर्न सक्ने क्षमता अनुकूलन बनाउँदै राजस्वमा सरधार गर्ने मान्यमा अडिग हुँनेछ ।

३. **करदाता मैत्री कर तथा गैर कर प्रशासनः** कर तथा गैकर प्रशासन तथा सुशासन र कर सेवालाई जनमैत्री हुँनु पर्ने करको अको महत्वपूर्ण सिद्धान्तलाई अङ्गीकार गरिने छ ।

४. **सामानताको सिद्धान्तः** कर तथा गैरकरका दरहरुमा कसैप्रति भेदभाव नगरी समानता र समानताको अवधारण अनुसार कर प्रशासनलाई अगाडि बढाइनेछ ।

५. **पारदर्शीताः** पारदर्शीता सुशासनको एक महत्वपूर्ण पाटो हो । यो पालिकाले कर तथा गैर करको दर तथा दायरा वृद्धि तथा कर सङ्कलन र परिचालनलाई पूर्ण पारदर्शी बनाउँन कुनै कसरता बाँकी राख्ने छैन ।

६. **जवाफदेहिताः** यो पालिका राजस्व सङ्कलन र परिचालनमा संविधान, कानुन र स्थानीय जनताप्रति पूर्ण जवाफदेहिता कायम राख्नेछ ।

७. **विकासको आवश्यकता केन्द्रितः** यो पालिका आन्तरिक राजस्व सङ्कलन तथा परिचालनलाई एक प्रक्रियाको रूपमा मात्र नलिई जनताको विकासको चासो संबोधन गर्ने तर्फ केन्द्रित हुनेछ । जनताको आय तथा रोजगारी बढाउँने गतिविधिमा लागि केन्द्रित गरी कर तिर्ने हैसियत बढाउँनेमा बढी केन्द्रित हुँनेछ ।

८. **सार्वजनिक उत्तरदायित्वको सिद्धान्तः** स्थानीय तहहरु स्थानीय जनताप्रति उत्तरदायी हुँने हुँदा राजस्व सङ्कलन र परिचालन प्रति सार्वजनिक उत्तरदायित्वबाट बिचलित हुँनेछैन ।

## ५.३ मुख्य सुधारका पक्षः

यस पालिकाको राजस्व सुधार र परिचालनबाट निम्न चार पक्षको सँगसँगै सुधार गरिने छ ।



## ५.४. आगामी तीन वर्षे राजस्व सङ्कलन रणनीति तथा कार्यनीति

**तालिका १८ राजस्व सुधार सम्बन्धी रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. कर तिर्ने संस्कारको विकास गरिनेछ | • सम्बन्धित क्षेत्रका करदाताहरुको लगत सङ्कलन गर्ने |
| | • सङ्कलित लगतलाई नियमित रूपमा अद्यावधिक गर्ने |
| | • कर दाताको नाम नामेसी समय समयमा प्रकाशित गर्ने |
| | • करदाता तथा तिनका प्रतिनीधहरुसँग नियमित अन्तरक्रिया तगर्ने |
| | • करका दर निर्धाण गर्दा करदाता प्रतिनीधिहरुसँग समन्वय गर्ने |
| | • नियमित रूपमा नयाँ करदातालाई करदाता शिक्षा प्रदान गर्ने |
| | • नियमित र बढी कर तिर्ने करदातालाई वार्षिक रूपमा सार्वजनिक समाहरोहका बिचमा संम्मान गर्ने |
